# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




## झापा–२: सांसद परिवर्तन कि पुनरावृत्ति ?

- पूर्वसभामुख देवराज घिमिरे र पूर्वउपसभामुख इन्दिरा राना प्रतिस्पर्धामा
- टक्कर दिँदै कांग्रेसकी सरिता प्रसाईं, नेकपाकी धर्मशीला चापागाईं, राप्रपाका भद्रप्रसाद (स्वागत) नेपाल र स्वतन्त्र उम्मेदवार प्रा.डा. युवराज संग्रौला
- नयाँ र असन्तुष्ट मतदाता निर्णायक बन्न सक्ने विश्लेषण


देवराज घिमिरेख


इन्दिरा राना मगर


धर्मशीला चापागाईं


सरिता प्रसाईं


भद्रप्रसाद नेपाल


प्रा.डा. युवराज संग्रौला

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** यसपटकको प्रतिनिधिसभा निर्वाचनमा झापा राष्ट्रिय राजनीतिको केन्द्रमा छ । झापा–५ मा पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकापा एमालेका अध्यक्ष केपी शर्मा र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह, झापा–२ मा पूर्वसभामुख देवराज घिमिरे र पूर्वउपसभामुख इन्दिरा राना मगर तथा झापा–३ मा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनलगायत चुनावी मैदानमा उत्रिँदा झापाले सिंगो देशवासीको ध्यान खिचेको छ ।

यी तीन क्षेत्रमध्ये यहाँ चुनावी चर्चा गर्न लागिएको भने झापा–२ को हो । कारण, झापा–२ मा यसपटकको चुनाव केवल उम्मेदवारको प्रतिस्पर्धामात्रै होइन, पुराना दल र वैकल्पिक राजनीतिक शक्ति भनिने नयाँ दलहरूबीचको जनमत परीक्षण हुँदै छ ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), रास्वपा र राप्रपाका उम्मेदवारहरूबीच बहुपक्षीय प्रतिस्पर्धाको सम्भावना बढेको छ । यहाँ तीन/तीन जना प्रभावशाली पुरुष र महिला उम्मेदवारहरू आमनेसामने छन् । एमालेबाट पूर्वसभामुख देवराज घिमिरे, रास्वपाकी इन्दिरा राना मगर, नेकपाकी धर्मशीला चापागाईं, कांग्रेस नेत्री सरिता प्रसाईं, राप्रपाका भद्रप्रसाद नेपाल (स्वागत) र स्वतन्त्र उम्मेदवार प्रा.डा. युवराज संग्रौला मैदानमा छन् ।

पहिलोपटक झापा–२ बाट उम्मेदवारी दिएकी रास्वपाकी मगर आक्रामक चुनावी प्रचारमा छिन् ।


क्रमशः पृष्ठ २ मा


प्रतिनिधिसभा सदस्य निर्वाचन

# नक्सामा नेपालको भूभाग, निर्वाचनबाट बाहिर नागरिक


- नेपालको नक्सामा समेटिएको विवादित कालापानी, लिपुलेक र लिम्पियाधुरामा हुने छैन चुनाव
- नक्सामा समेटिए पनि भारतबाट जमिन फिर्ता लिएकै छैन
- तिंकर र छाङरूको मतदान केन्द्र पनि खलंगामा सारियो

■ **जेबी योञ्जन**

**काठमाडौं–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै सरकार र निर्वाचन आयोगले देशभर तयारी तीव्र पारेका छन् । मतदानस्थल तोकिएका छन्, मतदाता सूची अद्यावधिक गरिएको छ र सुरक्षाको योजना लागू गरिएको छ ।

तर, नेपालको सबैभन्दा संवेदनशील र विवादित भूभाग दार्चुला पश्चिमको कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रमा भने निर्वाचनको कुनै रौनक छैन । सरकार, निर्वाचन आयोग न दलहरू कसैको उपस्थिति छैन । देशको पूर्ववत् मानचित्रमा भने राज्यका अंगहरू र दलहरूको उपस्थिति बाक्लो छ ।

यिनै भूमि हुन्, पाँच वर्षअघि सरकारले संविधान संशोधन गरी नेपालको प्रशासनिक नक्सामा समेटिएको थियो । यद्यपि, नक्सामा समेटिएका ती क्षेत्रलाई भारतबाट फिर्ता नल्याउनु, त्यहाँका नागरिकलाई नेपाली नागरिकताको प्रमाणपत्र नदिनु, राष्ट्रिय जनगणनामा नसमेटिनु, राष्ट्रिय परिचयपत्र नदिनु र मतदाता परिचयपत्र नदिनुले उनीहरू निर्वाचन प्रक्रियामा सामेल हुन नपाउने भएका हुन् ।




दार्चुलाका प्रमुख जिल्ला अधिकारी अनिल पौडेलका अनुसार जिल्ला प्रशासन कार्यालयको अभिलेखमा उक्त क्षेत्रका बासिन्दाले हालसालै नेपाली नागरिकता लिएको कुनै प्रमाण छैन । उनले प्रभावसँग भने, 'त्यहाँका मानिसहरू सदरमुकाम खलंगा नै आउँदैनन् । हाम्रो अभिलेखमा पनि हालसालै नागरिकता लिएको देखिएको छैन, त्यसो हुँदा निर्वाचन प्रक्रियामा सहभागी हुने कुरै भएन ।'

नेपालले ऐतिहासिक दस्तावेजका आधारमा कालापानी, लिपुलेक र लिम्पियाधुरा आफ्नो भूभाग भएको दाबी गर्दै आएको छ । तर, व्यवहारमा यो क्षेत्र भारतको नियन्त्रणमा छ । भारतीय सेना र सीमा सुरक्षा निकायको बाक्लो उपस्थिति रहेको यो क्षेत्रमा नेपाली प्रशासनको पहुँच कमजोर छ । यस क्षेत्रमा भारतीय सुरक्षाकर्मीहरूले नेपाली नागरिकलाई सहजरूपमा जान दिँदैनन् ।

व्यास गाउँपालिकाका वडाध्यक्ष तथा प्रवक्ता उपेन्द्रसिंह धामीका अनुसार छाङरु र तिंकरजस्ता नेपाली नियन्त्रणमा रहेका बस्ती पुग्न पनि भारतीय बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ । उनका अनुसार भारतले दाबी गरेको काली नदीमा बनेको सीता पुलभन्दा पारी जान नेपालीहरूलाई अनुमति छैन ।


क्रमशः पृष्ठ २ मा




त्यहाँका मानिसहरु सदरमुकाम खलंगा नै आउँदैनन् । हाम्रो अभिलेखमा पनि हालसालै नागरिकता लिएको देखिएको छैन, त्यसो हुँदा निर्वाचन प्रक्रियामा सहभागी हुने कुरै भएन ।

■ **अनिल पौडेल**
प्रमुख जिल्ला अधिकारी, दार्चुला



त्यो क्षेत्रका सम्पूर्ण जनता छ महिना तल, छ महिना माथि बस्ने भएकाले मतदान केन्द्र खलंगामै सारिएको हो ।

■ **भुवन गिरी**
मुख्य निर्वाचन अधिकृत



चुनावी सरकारबाट आश नै हुँदैन । अघिल्ला सरकारहरूले गर्नुपर्थ्यो । यदि जग्गा फिर्ता ल्याएको भए यसपटक निर्वाचन गर्न सकिन्थ्यो ।

■ **बुद्धिनारायण श्रेष्ठ**
सीमाविद्

**सन्दर्भः वैदेशिक रोजगार**

## दलका घोषणापत्रमा वैदेशिक रोजगार प्राथमिकतामा नपर्दा व्यवसायी असन्तुष्ट

■ **ममता थापा**

**काठमाडौं–** आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दलहरू घोषणापत्र तयारीमा लागेका छन् । केही दलले घोषणापत्र तयार पार्ने काम अन्तिम चरणमा पुऱ्याएका छन् भने केहीले सार्वजनिक गरिसकेका छन् । उम्मेदवारहले घरदैलो अभियान समेत थालिसकेका छन् । तर मुलुकको अर्थतन्त्र धानिरहेको वैदेशिक रोजगारीका मुद्दाहरू नसमेटिँदा व्यवसायीहरू खुसी देखिँदैनन् । घोषणापत्रमा वैदशिक रोजगारीको विषय प्राथमिकतामा नपरेको भन्दै व्यवसायीहरूले असन्तुष्टि जनाएका छन् ।

वैदेशिक रोजगारीलाई सम्बोधन गर्न नसक्नेले मुलुकको अर्थतन्त्र नबुझ्नेले नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले बताए । 'वैदेशिक रोजगारीलाई धेरैले घोषणापत्रमा राख्न चाहनुहुन्न तर यो क्षेत्रको व्यवस्थापन, चुनौती र नीतिगत अप्ठ्याराहरूलाई सम्बोधन गर्न नसक्नेले मुलुकको अर्थतन्त्र बुझेकै छैन । जसले अर्थतन्त्र बुझेको छ त्यसले मात्र विकास गर्न सक्छ,' बस्नेतले भने ।

निर्वाचनमा गएकाहरूले नेपालीहरू रोजगारीमा जाँदादेखि फर्किंदासम्मको प्रक्रियालाई समेटेर योजना बनाउनुपर्ने बस्नेतको भनाइ छ । जाने कामदारहरूका लागि जाँदाको खर्चदेखि पठाउने रेमिटचान्समा पारदर्शिता कायम गर्ने योजना बनाउन उनले सुझाव दिए ।

'मानिसहरू मुलुकमा भएका रोजगारी पर्याप्त नभएरै वैदेशिक रोजगारीमा जाने हुन् । रोजगारीमा जानेहरूका लागि जाँदादेखि फर्केर आउँदासम्मको योजना बनाउनुपर्छ,' बस्नेतले भने, 'वैदेशिक रोजगारीमा निःशुल्क जानेहरू सात प्रतिशतमात्रै छन् । बाँकी ९३ प्रतिशत कुन देशमा जाँदा कति खर्च लाग्छ भन्ने स्पष्टरूपमा समेटियो भने राम्रो हुन्छ । त्यस्तै, गइसकेपछि घर पठाउने रकमको पारदर्शिता कायम हुनेखालका योजना ल्याउनपर्छ ।'

रोजगारीमा गएकाहरूलाई अप्ठ्यारो पर्दा हेर्ने कूननीतिक नियोगको भूमिका कमजोर देखिएको अवस्थामा विदेशमा भएका नागरिकको सुरक्षाका लागि नियोगको भूमिका सबल बनाउने कार्यक्रम ल्याउनुपर्ने उनको भनाइ छ । साथै, विदेशबाट भित्रने रिमिटचान्सलाई सही सदुपयोग गर्नुपर्नेमा उनले जोड दिए । 'रेमिटचान्सको उचित लगानी भइरहेको छैन ।


क्रमशः पृष्ठ २ मा


### 'मत आउँदैन भनेर प्राथमिकतामा नराख्नु गलत'



वैदेशिक रोजगारीमा गएकाहरूका पनि विभिन्न समस्याहरू हुँदाहुँदै चुनावी घोषणापत्रमा ती विषयलाई प्राथमिकता नदिनु गलत भएको श्रमविद् डा. गणेश गुरुङले बताए । वैदेशिक रोजगारीमा रहेकाहरूले मतदान गर्न पाउने प्रावधान नहुँदा उनीहरूका समस्या सम्बोधन गर्ने योजना नभएको हुनसक्ने उनको बुझाइ छ ।

उम्मेदवारहरूले रोजगारीमा गएकाले पठाउने रेमिटचान्स पठाउने, लगानी गर्नेजस्ता कुरामा ध्यान दिनुपर्ने सुझाव डा. गुरुङले दिएका छन् । 'विदेशमा भएकाहरूलाई पनि मतदान गर्न पाउने व्यवस्था गर्नुपर्थ्यो तर त्यो हुन सकेन । मत नआउने भएरै त होला उनीहरूका समस्यामा ध्यान नदिएको,' उनले भने, 'पहिलो कुरा रेमिटचान्स पठाउँदाको खर्च हटाउनुपऱ्यो । रेमिटचान्सको रकमबाट लगानी गर्न चाहनेहरूलाई सहुलियतमा बैंकमार्फत ऋण दिने व्यवस्था गर्नुपऱ्यो ।'


क्रमशः पृष्ठ २ मा






तु-आवश्यकता

एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

1) Recruitment Manager -1 (Male)
2) Public Relation Officer (PRO) -4 (Male/Female)
3) Documentation Officer -1 (Male/Female)

Requirements:-
★ English Speaking
★ Computer Literate
★ Experienced in Manpower field
★ Pleasant Personality

Attractive Salary & Bonuses

Send Your CV at nileintl1@gmail.com
Contact us at 9851431559

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036,
Email : nileintl@wlink.com.np/nileintl1@gmail.com/nileintl2008@yahoo.com
Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७



सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

पृष्ठ १ बाट क्रमशः

## नक्सामा नेपालको ...

यही कारणले कालापानी क्षेत्र नेपालका लागि नक्सामा देखिने तर व्यवहारमा पहुँचबाहिरको भूभाग बनेको छ । पहिले खुलारूपमा आवतजावत गर्न पाइने यो क्षेत्रमा अहिले भारतीय सुरक्षा निकायको निगरानी कडा छ । स्थानीयका अनुसार आफन्त भेटघाट र धार्मिक कामबाहेक अन्य कारणले जान कठिन छ ।

निर्वाचन आयोगले कालापानी क्षेत्र नजिकका छाङरु र तिंकरमा दुई मतदान केन्द्र तोकेको थियो । तर, व्यावहारिक कठिनाइका कारण ती मतदान केन्द्र अस्थायीरूपमा सदरमुकाम खलंगामा सारिएको छ । मुख्य निर्वाचन अधिकृत भुवन गिरीका अनुसार त्यहाँका बासिन्दा वर्षको छ महिना माथिल्लो भेगमा र छ महिना खलंगामा बस्ने गर्छन् । त्यही भएर खलंगामा मतदान केन्द्र सारिएको स्पष्ट पारे । उनले भने, ‘त्यो क्षेत्रका सम्पूर्ण जनता छ महिना तल, छ महिना माथि बस्ने भएकाले मतदान केन्द्र खलंगामै सारिएको हो ।

निर्वाचन आयोगको तथ्यांकअनुसार दार्चुलामा करिब ९२ हजार मतदाता छन् । १४३ वटा मतदानस्थल तोकिएका छन् । अघिल्लो निर्वाचनमा त व्यास गाउँपालिकामामात्रै करिब सात हजारभन्दा बढी मतदाता थिए । तर, पछिल्ला वर्षहरूमा जनसंख्या घट्दो छ । २०६८ सालको जनगणनामा त त्यहाँ १० हजार ३४७ रहेको जनसंख्या २०७८ मा घटेको स्थानीय अधिकारीहरू बताउँछन् ।

### ‘भूमि फिर्ता ल्याउन पहलकदमी नै बढाएनन्’

सीमाविद् बुद्धिनारायण श्रेष्ठ सरकारले २०७७ सालमा कालापानी, लिम्पियाधुरा र लिपुलेक समेटेर नयाँ नक्सा सार्वजनिक गरे पनि नक्सामा समेटिएको भूमि फिर्ता ल्याउन कुनै पहलकदमी नबढाएको बताउँछन् । उनका अनुसार भारतसँग कूटनीतिक माध्यमबाट पहलकदमी अघि बढाउन सरकारले सक्थ्यो । यसतर्फ तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, न त्यसपछिका प्रधानमन्त्रीहरू शेरबहादुर देउवा र पुष्पकमल दाहालले चासो राखे । अहिलेका प्रधानमन्त्री सुशीला कार्की त चुनावी सरकारको नेतृत्वमा छिन् । श्रेष्ठ भन्छन्, ‘चुनावी सरकारबाट आश नै हुँदैन । अघिल्ला सरकारहरूले गर्नुपर्थ्यो । यदि जग्गा फिर्ता ल्याएको भए यसपटक निर्वाचन गर्न सकिन्थ्यो ।’

उसो त नेपाल-भारत सीमा समस्या समाधानका लागि गठित प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी)ले केही वर्ष पहिल्यै प्रतिवेदन तयार गर्‍यो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बुझ्न इन्कार गरिरहेका छन् । यता नेपालका प्रधानमन्त्रीले एक्लौटी बुझ्ने र सार्वजनिक गर्ने हिम्मत गरेका छैनन् । यसले गर्दा नक्सामा नेपाली भूमि भए पनि व्यवहारमा भारतकै नियन्त्रणमा छ, जसले यसपटक हुन सक्ने निर्वाचनको सम्भावनालाई टारिदिएको छ । नेपालले सन् १८१६ को सुगौली सन्धिका आधारमा महाकाली नदीको पूर्वी भाग लिम्पियाधुरा, कालापानी र लिपुलेक आफ्नो भूभाग भएको दाबी गर्दै आएको छ ।

■■■

## झापा-२...

सामाजिक क्षेत्र र उपसभामुखको भूमिकाबाट परिचित उनलाई नयाँ राजनीतिक शक्तिको प्रतिनिधिका रूपमा हेरिएको छ । तर, पार्टीभित्रै टिकट नपाएकी निशा डाँगी पक्षको असन्तुष्टि रानामगरका लागि चुनौती मानिएको छ । यद्यपि, युवा, स्वतन्त्र मतदाता र परिवर्तनपक्षधरहरू मगरतर्फ आकर्षित देखिन्छन् । मगरले प्रभावसँग भनिन्, ‘मलाई त अहिल्यै जितिसकें जस्तो लागेको छ । जनताले मलाई अपार माया गर्नुभएको छ ।’

यस क्षेत्रबाट २०७९ मा पूर्वसभामुख घिमिरे निर्वाचित भएका थिए । उनी पार्टी अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री ओलीका विश्वासपात्र मानिन्छन् । यसपटक पनि उनै घिमिरे चुनावी मैदानमा छन् । तर, यसपालि जेन-जी विद्रोह र पार्टीभित्रको असन्तुष्टिले दलकै परम्परागत जनाधार कमजोर हुँदा उनका लागि त्यति सहज देखिँदैन । स्थानीय तहमा एमालेका पुराना कार्यकर्ताहरूले यसपटक मत फेर्ने संकेत गरेका छन् । त्यसले घिमिरेको जितलाई अनिश्चित बनाएको छ ।

तर, उनले पार्टी संगठनको मत रक्षा गरेरै भए पनि चुनाव जित्ने दाबी गरेका छन् । ‘मलाई जस्तै अरुलाई पनि सहज छैन । सहज त एकल उम्मेदवार हुँदा हुने हो,’ उनी भन्छन्, ‘अरु उम्मेदवारहरू पनि प्रतिस्पर्धामा आएपछि असहज हुन्छ नै तर पार्टीकै मत रक्षा गरेर चुनाव जित्ने विश्वास छ ।’

झापा-२ बाट २०६४ सालको पहिलो संविधानसभामा तत्कालीन नेकपा माओवादीबाट नेत्री चापागाईं निर्वाचित भएकी थिइन् । यसपटक उनलाई पार्टी अध्यक्ष पुष्पकमल दाहालले जितको विरासत फर्काउने जिम्मासहित उम्मेदवार बनाएका छन् । उनी पनि मतदाताको घरदैलोमा पुगेर मत मागिरहेकी छन् ।

तर, हाल उनको दल नेकपाको सांगठनिक शक्ति कमजोर हुँदै गएको छ । यस्तो अवस्थामा धर्मशीलाको जित कठिन देखिन्छ । भन्न त उनले पनि यसपटक आफू निर्वाचित हुने बताएकी छन् । अरु उम्मेदवारहरूभन्दा जनतामाझ आफ्नो लोकप्रियता उच्च भएको उनको दाबी छ ।

यही क्षेत्रबाट कांग्रेस उम्मेदवार बनेकी प्रसाईंले पार्टी पुनरुत्थानको अवसरका रूपमा झापा-२ लाई हेरेकी छन् । २०७० मा कांग्रेसले जितेको इतिहास दोहोर्‍याउने उनको संकल्प छ । त्यही संकल्पसहित उनी घरदैलोमा खटिएकी छन् । उनले पार्टीको नयाँ नेतृत्व गगन थापाप्रतिको आकर्षणले सकारात्मक माहोल बनेको दाबी गरिन् ।

तर, अघिल्लोपटक एमाले उम्मेदवार घिमिरेलाई आछुआछु पार्ने त्यसबेलाका स्वतन्त्र उम्मेदवार नेपाल राप्रपाबाट उम्मेदवार छन् । उनी पनि प्रभावशाली उम्मेदवार हुन् । पूर्वमहान्यायाधिवक्तासमेत भएका प्रा. डा. युवराज संग्रौला औद्योगिकीकरण र उत्पादनमूलक अर्थतन्त्रको नारासहित स्वतन्त्र उम्मेदवार बनेका छन् । उनीमाथि एमालेकै ‘डमी उम्मेदवार’ भएको आरोप छ । तर, स्थानीय राजनीतिक वृत्तमा उनको उपस्थितिले निर्वाचन समीकरण बदल्न सक्ने आँकलन गरिएको छ । संग्रौलाले एमाले, कांग्रेस र माओवादी तीनै दलको असन्तुष्ट मत काट्ने सम्भावना देखिन्छ ।

गत २०७९ को निर्वाचन परिणामलाई आधार मान्दा एमालेका घिमिरेले २६ हजार ७१६ मत ल्याएर विजयी हुँदा त्यसबेलाका स्वतन्त्र उम्मेदवार नेपालले २६ हजार ४५५ मत पाएका थिए । यो झिनो मतान्तर हो । त्यसबेला प्रत्यक्षतर्फ तत्कालीन माओवादी तेस्रो र रास्वपा चौथो स्थानमा थियो । समानुपातिकमा भने रास्वपा दोस्रो दल बनेको थियो ।

यसपटक १३ हजार नयाँ मतदाता थपिएका छन् । कूल मतदाता एक लाख ४७ हजार ५२२ पुगेको छ । नयाँ मतदाता र असन्तुष्ट मतदाताको भूमिकाले झापा-२ को नतिजा पूर्णरूपमा उल्टिन सक्ने विश्लेषण भइरहेको छ ।

■■■

## दलका घोषणापत्रमा...

यसलाई उद्यमशीलतासँग जोड्नुपर्छ,’ महासचिव बस्नेतले भने, ‘उत्पादनमूलक ठाउँमा त्यसको सदुपयोग हुने हो भने नेपालीहरू लामो समयसम्म विदेश जानुपर्ने अवस्था नरहन सक्छ ।’

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्रीले पनि वैदेशिक रोजगार क्षेत्रलाई कसैले प्राथमिकतामा नराखेका कारण बेथिति बढेको बताए । यसलाई व्यवस्थित बनाउने विषय दलहरूको घोषणापत्रमा आउनुपर्नेमा उनको जोड छ ।

‘राजनीतिक दलहरूलाई देशको अर्थतन्त्र चलाउन वैदेशिक रोजगार अपरिहार्य छ भनेर थाहा छ । यद्यपि, यसलाई व्यवस्थित बनाउने विषयमा ध्यान दिइएको छैन । विदेश जान चाहनेहरूका लागि वित्तीय सहजताका कुराहरू घोषणापत्रमा आउनुपर्छ,’ उनले भने, ‘रोजगारीमा गएकालाई पुनर्स्थापित गराउन के कति गर्न सकिन्छ भनेर राख्नुपर्छ । कुनै व्यवसायमा लगानीयोग्य वातावरण बनाउने योजनाहरू बनेर कार्यान्वयनमा आए एउटै व्यक्ति पाँच-छ पटकसम्म रोजगारीमा जाने अवस्था हुँदैनथ्यो ।’

दलका घोषणापत्रमा रोजगारी दिने एजेण्डाहरू आइरहँदा वैदेशिक रोजगारीबाट भित्रिएको रकमबाट कसरी आन्तरिक रोजगारी सिर्जना गर्न सकिन्छ भन्नेतर्फ उम्मेदवारको ध्यान नगएको खत्रीले बताए । त्यस्तै मुलुकका उद्योगधन्दाले पनि विदेशबाट सीप सिके र आएका श्रमिकलाई जिविकोपार्जन गर्न सक्ने तलब सुविधा दिने खालको वातावरण बनाउन उम्मेदरवारका योजना केन्द्रित हुनुपर्ने उनको भनाइ छ ।

‘आन्तरिक उद्योगधन्दाले सीप सिकेर आएका श्रमिकलाई जीविकोपार्जन गर्न सक्ने तलब सुविधा दिएका छैनन् । यसले गर्दा पनि वैदेशिक रोजगारीमा पुनः जानुपर्ने अवस्था छ,’ खत्रीले भने, ‘उद्योगहरूले श्रमिक पाइरहेको छैन भनेर भन्नु भन्दा कामदारलाई पनि सस्टेन हुनसक्ने खालको सेवासुविधा दिनपर्छ । यस्ता विदेश जान बाध्य बनाउने विषयहरूमा आवश्यक योजना बनाइनुपर्छ ।’

यसपटकको निर्वाचनमा वैदेशिक रोजगार व्यवसाय पृष्ठभूमिबाट तीन जना उम्मेदवार चुनावी मैदानमा छन् । संघका पूर्वअध्यक्ष एलपी साँवा लिम्बू नेकपा एमालेबाट झापा ४, पूर्वअध्यक्ष तिलकबहादुर रानाभाट नेपाली कांग्रेसको तर्फबाट कास्की१ र नेपाल वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष किरण किशोर घिमिरे दाङ२ बाट उम्मेदवार रहेका छन् । उनीहरू सफल व्यवसायी, रोजगारीको क्षेत्रमा अनुभव भएकार रोजगारी सिर्जना गरिरहेका भएकाले उनीहरूसँग रोजगारी सिर्जना गर्नसक्ने प्रशस्त एजेण्डा रहेको व्यवसायीहरू बताउँछन् ।

■■■

## मत आउँदैन...

नियमितरूपमा पैसा पठाउनेहरूको पासपोर्ट नवीकरण शुल्क नलिने, सम्मानित गर्नेजस्ता कुराले उनीहरूमा राज्यले आफ्नो योगदान देखेको छ भन्ने भावनाको विकास हुने उनले बताए । रोजगारीमा जानेहरूलाई रोक्न नमिल्ने भएकाले सुरक्षित गन्तव्य मुलुक खोज्ने र सुरक्षित रूपमा पठाउने नीतिहरू बनाउने प्रतिबद्धता उम्मेदवारहरूले गर्नुपर्ने गुरुङको भनाइ छ ।

हाल वैदेशिक राजेगारीमा ४० लाखभन्दा बढी नेपाली रहेको सरकारले बताउँदै आएको छ । अघिल्लो आर्थिक वर्षमामात्रै आठ लाख ३९ हजार २६६ जना रोजगारीको खोजीमा विदेसिएका थिए । उक्त वर्ष वैदेशिक रोजगारीबाट १७ खर्ब २३ अर्बभन्दा बढी विप्रेषण भित्रिएको थियो ।

# निर्वाचन आचारसंहिता कार्यान्वयनमा भोजपुरका सबैपक्ष प्रतिबद्ध

**भोजपुर (प्रस)**– आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र मर्यादितरूपमा सम्पन्न गराउन भोजपुरमा निर्वाचन आचारसंहिता प्रभावकारीरूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । उम्मेदवार तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले निर्वाचन आयोगबाट जारी आचारसंहिता पूर्णरूपमा पालना गर्ने प्रतिबद्धता जनाएका हुन् ।

कार्यक्रममा जिल्ला न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत नारायणप्रसाद दाहालले शान्तिपूर्ण, निष्पक्ष र उत्साहजनक सहभागितामा निर्वाचन सम्पन्न गराउन सबै सरोकारवालाको साझा दायित्व रहेको बताए । उनले मतदाता शिक्षालाई प्रभावकारी बनाउँदै आचारसंहिता कार्यान्वयनमा कडाइ गर्नुपर्ने आवश्यकता औंल्याए ।

त्यस्तै, प्रमुख जिल्ला अधिकारी राजन पौडेलले स्वतन्त्र, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा मतदाताले निर्भीकरूपमा आफ्नो मताधिकार प्रयोग गर्न पाउने अवस्था सिर्जना भएमामात्रै लोकतन्त्र सुदृढ हुने बताए । उनले जिल्लामा सोही वातावरण निर्माण गर्न सबैपक्ष जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिए ।

राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज तथा अन्य सरोकारवालाले निर्वाचन आचारसंहिताका प्रावधान, सुरक्षा व्यवस्थाको तयारी, दलहरूबीच आपसी समन्वय तथा सहकार्यको भूमिका खेल्ने बताएका छन् । भोजपुर जिल्लामा निर्वाचनका लागि १२ राजनीतिक दलका १२ उम्मेदवार प्रतिस्पर्धामा छन् ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।०६।२९ गते काठमाडौं जिल्ला का.म.न.पा. १५, कारखाना चोक, स्वयम्भूबाट पार्किङ गरी राखिएको अवस्थामा कालो/रातो रङ्को बजाज कम्पनीको पल्सर १५० सि.सि. को मोटरसाइकल अन्दाजी साँझको ६:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**धनीको नाम : राजु जिरेल**
**बाइक नं.: प्र.१- ०२- ०५९ प ०३०४**
**च्यासिस नं.: MD2A11CX2SPD75251**
**इन्जिन नं. : DHXPSD14046**
**ठेगाना : गौरीशंकर गा.पा.-२, जंगु, दोलखा, नेपाल**
**सम्पर्क नं. ९८५१०७१९७२**



**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।०६।२९ गते काठमाडौं जिल्ला का.म.न.पा. १५, कारखाना चोक, स्वयम्भूबाट पार्किङ गरी राखिएको अवस्थामा कालो/रातो रङ्को बजाज कम्पनीको पल्सर १५० सि.सि. को मोटरसाइकल अन्दाजी साँझको ६:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**धनीको नाम : राजु जिरेल**
**बाइक नं.: प्र.१- ०२- ०५९ प ०३०४**
**च्यासिस नं.: MD2A11CX2SPD75251**
**इन्जिन नं. : DHXPSD14046**
**ठेगाना : गौरीशंकर गा.पा.-२, जंगु, दोलखा, नेपाल**
**सम्पर्क नं. ९८५१०७१९७२**



**बिमालेख हरायो**

मिति २०८२/१०/०१ गते गठ्ठाघर देखी कोटेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको LIC Nepal **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : मञ्जु थापा**
**बिमालेख नं.: 110002229**
**सम्पर्क नं : मध्यपुर थिमी-१७, भक्तपुर**
**सम्पर्क नं : 960825201**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/१८ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **लाइभस्टक रिसर्च एण्ड रुरल डेभलपमेन्ट प्रा.लि.** (दर्ता नं. १४२१२८) को नाममा रहेको चलअचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१२ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **पावर ईको ब्रिक्स प्रा.लि. (प्रा.लि.नं. १४२१२८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

**सूचना प्रकाशित मितिः २०८२/१०/१८**

**श्री रण बहादुर माझीकी** छोरी, **श्री सेते माझीकी** छोराबुहारी, **श्री पदम बहादुर माझीकी** पत्नी **वागमती प्रदेश, रामेछाप** जिल्ला **लिखु तामाकोशी गा.पा** वडा नं. ६ बस्ने **श्रीमती फुलमिया मगर भन्ने फुलमाया माझीले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०२८२०** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/०६/२८** मा निज खातावाला **श्रीमती फुलमिया मगर भन्ने फुलमाया माझीको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **छोरा** नाता पर्ने **श्री डुट बहादुर भन्ने टिका बहादुर माझी**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्रीमती फुलमिया मगर भन्ने फुलमाया माझीको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बरः ०१४५१८५८२
फ्याक्सः- ०१४५१८४५३


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

आइतबार, १८ माघ, २०८२

| | |
|---|---|
| **मेष** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **वृष** | रोकिएका काम बन्ने, आयस्रोत बढनेछ । |
| **मिथुन** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **कर्कट** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **सिंह** | प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **कन्या** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **तुला** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **वृश्चिक** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **धनु** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **मकर** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| **कुम्भ** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **मीन** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ माघ, २०८२ (०१ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४६.८१ | १४७.४१ |
| युरो | १ को | १७२.३१ | १७३.०२ |
| पाउन्ड स्टिर्लङ | १ को | १९८.५८ | १९९.३९ |
| स्विस फ्रेन्क | १ को | १८५.६१ | १८६.३७ |
| अस्ट्रेलियन डलर | १ को | १००.५५ | १००.९६ |
| क्यानाडियन डलर | १ को | १०६.५० | १०६.९४ |
| सिङ्गापुर डलर | १ को | ११४.७५ | ११५.२२ |
| जापानी येन | १० को | ९.२७ | ९.३१ |
| चिनियाँ युआन | १ को | २१.०८ | २१.१७ |
| साउदी अरब रियाल | १ को | ३९.१५ | ३९.३१ |
| कतारी रियाल | १ को | ४०.२८ | ४०.४५ |
| थाई भाट | ख १ को | ४.७१ | ४.७२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.९७ | ४०.१३ |
| मलेसियन रिङेट | १ को | ३६.६५ | ३६.८० |
| दक्षिण कोरियन वन | १०० को | १०.०० | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १६.२७ | १६.३४ |
| डेनिस क्रोनर | १ को | २३.०७ | २३.१६ |
| हङकङ डलर | १ को | १८.८३ | १८.९० |
| कुवेती दिनार | १ को | ४८०.३२ | ४८२.२८ |
| बहराइन दिनार | १ को | ३८९.३९ | ३९०.९८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**काष्ठकला** ▌ ललितपुर महानगरपालिका-२२ स्थित बुङमतीमा काष्ठकलाको काम गर्दैं कालिगड । *तस्बिर: रासस*

# बागबजार र बबरमहलमा 'बक्स कल्भट' निर्माण गरिँदै

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले बागबजार र बबरमहलमा 'बक्स कल्भर्ट' निर्माण गर्ने भएको छ। डुबान र कटानको जोखिम घटाउन ती स्थानमा बक्स कल्भर्ट निर्माण गरिने भएको हो ।

बागबजार नजिक टुकुचा खोलामा बक्स कल्भर्ट निर्माण गरिने महानगरका सबइञ्जिनियर दीपकबहादुर शाहीले जानकारी दिए । त्यसका लागि ५७ लाख ७२ हजार रूपैयाँमा आगामी चैत मसान्तभित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको छ ।

त्यसैगरी, बबरमहल भएर बग्ने धोवीखोला किनारको रोजबड स्कूल नजिक पनि दुई करोड २१ लाख २३ हजार रूपैयाँको लागतमा बक्स कल्भर्ट निर्माण गरिने जानकारी उनले दिए । आगामी पुस मसान्तभित्र सम्पन्न गर्नेगरी निर्माण कम्पनीसँग सम्झौता भएको महानगरले जनाएको छ ।



# बालबालिकालाई पनि हुनसक्छ 'ग्यास्ट्रिक'

**काठमाडौं–** सामान्यता ठूला मानिसलाई हुने 'ग्यास्ट्रिक' बालबालिका पनि हुने गर्दछ । बालबालिकालाई 'एच प्योलोरी' भन्ने किटाणुको संक्रमणको कारणले 'ग्यास्ट्रिक' हुन्छ । यो कीटाणुको संक्रमण बच्चादेखि नै हुन्छ । जब बच्चा चिल्लोपिरो, जंकफुड खाने गर्दछन् तव 'ग्यास्ट्रिक' हुन्छ ।

यस्तै 'पेनकिलर'ले पनि बच्चालाई 'ग्यास्ट्रिक' बनाउने गरेको कान्ति बाल अस्पतालका बच्चाको पेटसम्बन्धी चिकित्सक डा. सुमित अग्रवालले जानकारी दिए । बयस्क मानिसलाई 'ग्यास्ट्रिक'ले पेट दुख्ने, खाना नरुच्ने, मुखमा अमिलो आउने गर्दछ ।

बालबालिकालाई भने पनि मुखबाट अमिलो पानी आउने, बिहान र साँझ पेट दुख्ने, कसैलाई खाना खाएपछि धेरै पेट दुख्ने, कसैलाई खाना खाएपछि कम हुने, लगातार बान्ता आउने, पेट फुल्नेजस्ता समस्या देखा पर्दछन् । यसपछि बच्चाको आहार घट्दै जान्छ र उपचार ढिला हुँदा विस्तारै तौल घट्दै जान्छ ।

समयमा उपचार नगरे ग्यास्ट्रिकले पेटको दुखाइको मात्रा बढेपछि मुखबाट रगतसमेत आउन सक्ने, पेटको सानो आन्द्राको प्वाल खुम्च्याउने, सानो आन्द्राको पहिलो भागमा अल्सरजस्ता समस्या देखापर्ने उनले बताए । उनका अनुसार कान्ति अस्पतालमा दिनमा दुई-तीन जना 'ग्यास्ट्रिक' भएका बालबालिका आउने गर्दछन् । यस्तै रगत नै बान्ता गर्ने बिरामी हप्तामा एक/दुई जना अस्पताल आउने गरेका छन् ।

चिकित्सक डा. अग्रवालले हप्तामा तीनदेखि पाँचको इण्डोस्कोपी गरेपछि ७५ प्रतिशतमा बालबालिकामा 'एच प्योलोरी' किटाणुको संक्रमण हुने गरेको बताए । शरीरमा चाहिनेभन्दा बढी मात्रामा एसिड उत्पादन हुनुलाई सामान्यतया ग्यास्ट्रिक भनिन्छ ।

उनका अनुसार सामान्यता १८ महिनादेखि १४ वर्षमुनिका बालबालिकामा 'एच प्योलोरी' किटाणुको संक्रमण हुने र 'ग्यास्ट्रिक' देखिने गर्दछ । एच प्योलोरी भन्ने किटाणुका किटाणु सानै उमेरदेखि शरीरमा भए पनि सात/आठ वर्ष नाघेपछि मात्रै यसको लक्षण देखापर्छ । डा. अग्रवालले 'एच प्योलोरी' जिवाणु औषधि दुई हप्ता खाएपछि निको हुने बताए । *रासस*

# विशेष पूजा गरी मनाइयो पशुपतिनाथको 'छाया दर्शन'

■ **पूर्णप्रसाद मिश्र**

**काठमाडौं–** पशुपतिनाथ मन्दिरमा विशेष पूजा आराधना गरी भक्तजनलाई पशुपतिनाथको शिवलिंगको दर्शन गराएर छाया दर्शन गराइएको छ । पशुपति क्षेत्रमा छाया दर्शन हेर्न शनिबार भक्तजनको घुइँचो लागेको थियो । पशुपति क्षेत्रमा जम्मा भएर लाम लाग्ने भक्तजनलाई छाया दर्शन गराइएको पशुपति क्षेत्र विकास कोषकी सूचना अधिकारी अनिता भट्टले बताइन् ।

यो पर्व प्रत्येक वर्ष माघ शुक्ल चतुर्दशीका दिन मनाइन्छ । हिउँद ओरालो लाग्दै गर्दा र सूर्य उत्तरायणतर्फ लागेर दिन लामा तथा न्यानो हुन थालेको संकेतसँगै विश्वकै आराध्यदेव पशुपतिनाथ मन्दिरमा एउटा यस्तो धार्मिक र रहस्यमयी घटना सम्पन्न हुन्छ, जसले विज्ञान, इतिहास र अध्यात्मलाई एकै ठाउँमा उनेको विश्वास गरिन्छ । स्वस्थानी ब्रत समापनको अघिल्लो दिन पशुपतिनाथको दक्षिण मुख 'अघोर'को छाया जलमा प्रतिविम्बित गराएर दर्शन गराइने यो 'छाया दर्शन' पर्व नेपालको मौलिक तान्त्रिक पद्धतिको एक अनुपम नमूना भएको संस्कृतिविद् श्रीकृष्ण डंगोल बताउँछन् ।

अघोर मुखको तेज र 'सेफ्टी फिल्टर'का रूपमा छाया दर्शन पर्वलाई मानिँदै आएको छ। पशुपतिनाथका पाँच मुखमध्ये दक्षिणतर्फको मुख 'अघोर' स्वरूप हो, जसलाई संहार र शक्तिको प्रचण्ड प्रतीक मानिन्छ । शास्त्र र जनश्रुतिअनुसार अघोर मुखको तेज र ऊर्जा यति प्रखर हुन्छ कि सामान्य मानव आँखाले त्यसलाई सिधै हेर्न कठिन हुन्छ ।

वास्तुशास्त्रमा पनि पशुपतिको दक्षिण दिशालाई यम र संहारको दिशा मानिने हुनाले त्यसतर्फ घरजग्गा हुनुलाई भारी ऊर्जाको क्षेत्र मानिन्छ । यही प्रचण्ड ऊर्जालाई 'शीतल' र भक्तहरूका लागि दर्शनयोग्य बनाउन प्राचीनकालदेखि नै भगवान्को त्यो दिव्य स्वरूपलाई जलमा प्रतिविम्बित गराउने विधि बसालिएको उनले बताए । यो वैज्ञानिक विधि हो, जसरी हामी सूर्यको कडा तेजलाई सीधा नहेरी पानी वा ऐनाका माध्यमबाट 'रिफ्लेक्सन' गराएर हेर्छौं । जलतत्वले अग्नि समान तेजस्वी ऊर्जालाई सोसेर सौम्य बनाउने हुनाले यसलाई एकप्रकारको 'आध्यात्मिक सेफ्टी फिल्टर' मानिन्छ ।

रानी भव लक्ष्मीको संकल्प र 'तिकिन्छा' (कुसुम) को शिल्पकलाका रूपमा पनि यो पर्वलाई लिने गरिएको छ । यो परम्पराको ऐतिहासिक कडी सुवर्णपुर अर्थात् प्राचीन काठमाडौंको एक समृद्ध हिस्साकी रानी भव लक्ष्मीसँग जोडिएको छ । उनले देवाधीदेवको शिरमा आकर्षक कुसुम फूल चढाउने संकल्प गरेका थिए । नेपाल भाषामा 'तिकिन्छा' भनिने कुसुम फूलको गोलाकार बनावटमा पगरी आकारको मुकुट बनाएर भगवान्लाई अर्पण गर्ने चलन चल्यो ।

तिकिन्छाको विशिष्ट बनावट हुन्छ । यो केवल एउटा फूलमात्र होइन, यो एक विशिष्ट शिल्पकला पनि भएको संस्कृतिविद् डंगोलको भनाइ छ । तिकिन्छा तीन तहको गोलाकार गुम्बज आकारको हुन्छ । यो बाँसबाट नभई बेतबाट निर्माण गरिन्छ । बेतको संरचनामाथि कपडाले ढाकेर प्राकृतिक रङले विभिन्न आकृति बनाई यसलाई बलियो र चिल्लो बनाइन्छ ।

पहिलेपहिले 'बारा बिस्केट नाइके' को घरमा बनाएर टोलवासीलाई बाँड्ने चलन पनि थियो । जुन अहिले लोप हुँदै गएको छ । रानीले यस पर्वलाई स्थायित्व दिन नवरत्न जडित हीरामणि र पन्नाको पत्तुका (कम्मरमा बाँध्ने कपडा) र नेत्र चढाउनुका साथै जात्रा सञ्चालनका लागि जग्गासमेत दान दिएको इतिहास रहेको पशुपति क्षेत्रका स्थानीय वृद्धहरूको भनाइ छ ।

'तिकिन्छा द्य': लाई हिन्दू र बौद्ध दुवै धर्मावलम्बीको सेतुका रूपमा मानिन्छ । माघ शुक्ल चतुर्दशीका दिन बाजागाजासहित नगर परिक्रमा गराई यो प्रतिमालाई पशुपतिनाथको शिरमा विराजमान गराइन्छ । स्थानीय नेवाः समुदायले यसलाई 'तिकिन्छा द्य' का रूपमा पुज्ने गर्छन् । यसले शिवलिंगको पिँधको ऊर्जालाई 'छाया' (शून्य) र शिरको ऊर्जालाई 'प्रतिमा' (पूर्ण) का रूपमा दर्शन गराउँदै हिन्दू र बौद्ध दर्शनको मिलन गराउँछ । कतिपयले यसलाई 'पद्मपाणि लोकेश्वर' को स्वरूपका रूपमा पनि आराधना गर्छन् । जसले काठमाडौं उपत्यकाको धार्मिक सहिष्णुतालाई पुष्टि गर्दछ । *रासस*

# नमूना मतपत्र सार्वजनिक, काठमाडौंको सबैभन्दा ठूलो

**काठमाडौं–** निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि विभिन्न जिल्ला र निर्वाचन क्षेत्रको मतपत्रको नमूना सार्वजनिक गरेको छ ।

आयोगले सातवटै प्रदेशका क्षेत्रको मतपत्रको नमूना सार्वजनिक गरेको हो । त्यसमा एउटामात्र निर्वाचन क्षेत्र भएको जिल्लाको एक प्रकारको र एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाको बेग्लै मतपत्रको नमूनासमेत सार्वजनिक गरेको छ । नमूना मतपत्र मतदाता शिक्षाका लागि प्रयोग हुने छ ।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार उम्मेदवारको संख्याका आधारमा पनि मतपत्रको नमूना तयार पारिएको छ । उम्मेदवार धेरै भएका निर्वाचन क्षेत्रका मतपत्रको आकार तुलनात्मक रूपमा ठूलो र कम उम्मेदवार भएका निर्वाचन क्षेत्रमा सानो मतपत्र छापिएको छ ।

एउटामात्र निर्वाचन क्षेत्र भएका कर्णाली प्रदेशका सल्यान, डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट र रुकुमपश्चिममा तथा दैलेख र सुर्खेतमा दुईवटा निर्वाचन क्षेत्र छन् । ती जिल्लाको मतपत्रको नमूना पनि आयोगले सार्वजनिक गरेको छ ।

यसैगरी, सुदूरपश्चिम प्रदेशका बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी र डडेलधुरामा एउटामात्र निर्वाचन क्षेत्र कायम छन् । अछाममा दुई, कञ्चनपुरमा तीन र कैलालीमा पाँच निर्वाचन क्षेत्र छन् । ती सबै निर्वाचन क्षेत्रको मतपत्रको नमूना पनि आयोगले सार्वजनिक गरेको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्रको छपाइ भइसकेको छ । *रासस*


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति : २०८२/१०/१८**

यस बैंकको नाममा गैर बैंकिङ्ग सम्पत्तिका रुपमा दर्ता रहेको तपसिल बमोजिमका सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत् बिक्री गरिन लागिएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र यस बैंकको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देही शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । उक्त बोलपत्र यो सूचना प्रकाशित भएको सोह्र (१६) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा दिनको ४:०० बजे खोलिनेछ । बोलपत्र बुझाउने अन्तिम दिन वा खोल्ने दिन बिदा पर्न गएमा वा काबुभन्दा बाहिरको परिस्थिति परेमा सोको भोलि पल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ ।

**बैंकको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण :**

१. रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं./नक्सा सिट ६/१०४०२३७१३ स्थित कि.नं. ३९६ को क्षे.फ. ३६०.०४ (व.मि.) भएको जग्गा तथा सो जग्गामा निर्माण भएको घर तथा सम्पूर्ण लिगलगापात समेत ।

**शिलबन्दी सम्बन्धि शर्त बन्देजहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफुले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. प्राप्त गोप्य शिलबन्दी पेश गर्नेहरुमध्ये सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति/संस्था लाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. गोप्य शिलबन्दी मार्फत गैर बैंकिङ्ग सम्पत्ति सकार गर्ने व्यक्ति/संस्था ले बाँकी रकम बैंकले रकम भुक्तानी गर्न माग गरेको मितिले ७ दिन भित्र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. गैर बैंकिङ्ग सम्पत्तिका रुपमा रहेको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. गोप्य शिलबन्दी खोल्न तोकिएको दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी खोलिनेछ ।
६. उक्त गैर बैंकिङ्ग सम्पत्तिहरु दा.खा. रजिष्ट्रेसन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
७. बिक्री हुने गैर बैंकिङ्ग सम्पत्तिहरुसँग सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय, नारायणहिटी पथ, दरवारमार्ग काठमाडौं वा कुनैपनि शाखा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**गोप्य शिलबन्दी खोल्ने मिति : २०८२/११/०५ गते, मंगलबार ।**
**समय : दिउँसो ४:०० बजे ।**
**स्थान : सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देही ।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८



## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८२/१०/१८ गते)**

यस बैंकको तपशिलको ऋणी संस्थाले लगनखेल शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : कामना बचत तथा ऋण सहकारी संस्था लि.।**
**रजिष्टर्ड ठेगाना : ललितपुर उ.म.न.पा., ललितपुर ।**
**हालको ठेगाना :- ललितपुर १९, ललितपुर** — **दर्ता नं:- ५७२/०६५/०६६**

| संचालक तथा जमानीकर्ताको विवरण | |
|---|---|
| **१) नाम : पुरुषोत्तम थापा मगर (अध्यक्ष तथा जमानीकर्ता)**<br>बुवा : कमल बहादुर थापा मगर<br>बाजे : मान बहादुर थापा मगर<br>ना प्र नं. : ६५६२२<br>ठेगाना : गोदावरी-१, ललितपुर | **५) नाम : दुर्गा घिमिरे (तिमिल्सिना) (सञ्चालक तथा जमानिकर्ता)**<br>बुवा : राजेन्द्र तिमिल्सिना<br>बाजे : सोमनाथ तिमिल्सिना<br>ना.प्र.नं : ००२०८७<br>ठेगाना : देवीचौर-४, ललितपुर |
| **२) नाम : नन्दी केशर घिमिरे (उपाध्यक्ष तथा जमानीकर्ता)**<br>बुवा : तारानाथ घिमिरे<br>बाजे : लक्ष्मीकान्त घिमिरे<br>ना.प्र.नं : १७७<br>ठेगाना : सुकौरा-८, मकवानपुर | **६) नाम : छिरिङ डोल्मा शेर्पा (सञ्चालक)**<br>बुवा : दोर्जि ग्याल्जन<br>बाजे : आँशौ शेर्पा<br>ना.प्र.नं : २११९-४०६१-५६८-५४६२६<br>ठेगाना : काठमाण्डौ-६, काठमाण्डौ |
| **३) नाम : पुरुषोत्तम मिश्र (सचिव तथा जमानीकर्ता)**<br>बुवा : देउनारायण मिश्र<br>बाजे : डिल्लीराम मिश्र<br>ना.प्र.नं : ३५४१२०६<br>ठेगाना : ललितपुर ३०, ललितपुर | **७) नाम : रामशरण बजगाई (सञ्चालक)**<br>बुवा : डेन प्रसाद बजगाई<br>बाजे : खोम प्रसाद बजगाई<br>ना.प्र.नं : १०८१५२<br>ठेगाना : देविचौर-५, ललितपुर |
| **४) नाम : मनोज दहाल (कोषाध्यक्ष तथा जमानिकर्ता)**<br>बाबु : तुल्सी प्रसाद दहाल<br>बाजे : केदारनाथ दहाल<br>ना.प्र.नं : ४६०२१<br>ठेगाना : शंखु-२, ललितपुर | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री मेघबहादुर थापामगर को नातिनी श्री विष्णुबहादुर थापामगर को छोरी काभ्रेपलान्चोक जिल्ला ठुलो पर्सेल वडा नं. ७ बस्ने श्री **अम्बिका थापा** को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला किटिनी वडा नं. १ख को कित्ता नं. ६६९, १८४६ को क्षेत्रफल क्रमशः २-०-०-०, ०-५-०-० रोपनी जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री टेकबहादुर विष्ट को नातिनी श्री चोक बहादुर विष्ट को छोरा ललितपुर जिल्ला बिसंखुनारायण वडा नं. ३ बस्ने श्री **मोहन विष्ट** को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला बिष्टछाप वडा नं. ३क को कित्ता नं. २०२ को क्षेत्रफल क्रमशः ५३९.७५ रोपनी जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. श्री अभिमान सिह थापा को नाति श्री मानबहादुर थापा मगर को छोरा ललितपुर जिल्ला गोदावरी वडा नं. १ बस्ने श्री **कमल बहादुर थापा मगर** को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला किटिनी वडा नं. १ख को कित्ता नं. ३९३८, २२९ को क्षेत्रफल ०-१५-०-२, ०-८-०-० रोपनी जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४. श्री केदारबहादुर रानामगर को नातिनी श्री कृष्णबहादुर रानामगर को छोरी सिन्धुली जिल्ला झागाझोली रातामाटा वडा नं. ६ बस्ने श्री **करुण रानामगर** को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला बाडेगाँउ वडा नं. ३क को कित्ता नं. ४०१ को क्षेत्रफल २-१२-०-० रोपनी जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National | राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय : पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web.: www.ncbl.coop

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# निर्वाचनसँगै बजेट कार्यान्वयनमा ध्यान देऊ

**मुलुक निर्वाचनमा होमिँदै गर्दा चालु आर्थिक वर्षको बजेट कार्यान्वयन भने कमजोर बनेको छ। अर्थ मन्त्रालयले सार्वजनिक गरेको दोस्रो त्रैमासिक कार्यप्रगति विवरणले यसलाई उजागर गरेको छ । अर्थको प्रगति विवरणअनुसार सरकारले पुँजीगत खर्च गर्नै नसकेको देखिन्छ । राजस्व संकलनमा पनि लक्ष्य र उपलब्धिबीच ठूलो खाडल देखिएको छ।**

**मन्त्रालयका अनुसार पुस मसान्तसम्ममा वार्षिक लक्ष्यको ४६.०६ प्रतिशत बजेट खर्च भएको छ । चालु आवका लागि सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रूपैयाँको बजेट विनियोजन गरेकामा पुस मसान्तसम्म नौ खर्ब चार अर्ब ६४ करोड ४३ लाख रूपैयाँ खर्च भएको छ। चालु शीर्षकमा ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकामा ४०.८२ प्रतिशत अर्थात् चार खर्ब ८२ अर्ब १० करोड ८० लाख र पुँजीगत शीर्षकमा चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकामा ११.६६ प्रतिशत अर्थात् ४७ अर्ब ५४ करोड ४० लाख रूपैयाँ खर्च भएको मन्त्रालयको विवरणमा उल्लेख छ।**

**गत आवको तुलनामा यस अवधिको कूल चालु खर्च ३.३५ प्रतिशतले बढ्दा पुँजीगत खर्च ४.८६ प्रतिशतले घटेको छ। यस्तै, वित्तीय व्यवस्थातर्फको खर्च ५३.२९ प्रतिशतले बढेको मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ। विवरणअनुसार पुँजीगत खर्चमा कमजोर मात्र नभई राजस्व संकलनमा पनि ठूलो चाप देखिएको छ। चालु आवका लागि सरकारले कूल १४ खर्ब ४० अर्ब रूपैयाँको राजस्व उठाउने लक्ष्य राखेकोमा पुस मसान्तसम्ममा सात खर्ब ११ अर्ब २० करोड ७९ लाख रूपैयाँ राजस्व उठाउने लक्ष्य राखिएको थियो। तर यस अवधिमा पाँच खर्ब ८१ अर्ब ४० करोड ७२ लाख रूपैयाँबराबर मात्रै राजस्व उठेको छ। जुन लक्ष्यभन्दा एक खर्ब २९ अर्ब ८० करोड रूपैयाँ कम हो।**

**पुँजीगत खर्च र राजस्व संकलनमा मात्रै होइन, अन्य लक्ष्यहरूमा पनि अर्थ मन्त्रालयले लक्ष्य हासिल गर्न नसकेको देखिन्छ । हुन त जेन–जी आन्दोलनको बलमा बनेको नागरिक सरकारको मुख्य कार्यभार निर्वाचन सम्पन्न गरी निर्वाचित जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नु हो। त्यही भएर अन्य काममा भन्दा सरकारको बढी ध्यान निर्वाचनमै हुँदा लक्ष्यमा कमजोर देखिएको हुनसक्छ। यद्यपि, निर्वाचनसँगै सुशासन र विकासका कामलाई पनि चुस्त रूपमा अगाडि बढाउनु सरकारको दायित्व हो। त्यसैले बजेट कार्यान्वयनमा पनि सरकारको ध्यान केन्द्रित हुन जरुरी छ। अन्यथा, विज्ञ अर्थमन्त्री हुँदा पनि नतिजा नदेखिँदा नकारात्मक सन्देशमात्रै जाने नभई मुलुकको अर्थतन्त्रलाई दूरगामी प्रभाव पार्ने निश्चित छ।**

# लोकतन्त्रको संस्थागत विकासमा सहिद र सम्मान



❑ मनोहर कार्की

“ प्रजातन्त्रको स्थापना र नागरिक अधिकार प्रत्याभूतिका लागि जयतु संस्कृतम् तथा नेपाल प्रजा परिषद्ले प्रारम्भिक समयमा खेलेको भूमिका स्मरणीय छ । प्रजातान्त्रिक अधिकारका अग्रज अभियन्ताको अथक प्रयास प्रतिकूल अवस्थामा पनि आफ्नो विचार, मान्यता र अभियानलाई निरन्तरता दिने साहसिक पथप्रदर्शक प्रेरणापुञ्ज हुन् । १०४ वर्षको जहाँनीया निरंकुश राणाशासनकाविरूद्धमा निडर र साहसिक पथप्रदर्शकका रूपमा वीर सहिदहरु शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठको जीवन आहुति तथा प्रजातन्त्रको स्थापनाका लागि योगदानका मूल्यलाई हामीले कसरी चुकाउन सकेका छौं भन्ने कुरा आजको सन्दर्भमा महत्त्व राख्दछ ।

मूलतः नेपाली राजनीतिका ऐतिहासिक पाटाहरूको विश्लेषण तथा मान्यता र पद्धतिको हामीले पैरवी गर्दै आएका छौं । राष्ट्रको स्वाभिमान र जनताका उन्मुक्तिका अभियानमा इतिहासका विभिन्न कालखण्डमा जनताका सच्चा सपुतको योगदानको स्मरणीय क्षणका रूपमा सहिद दिवसलाई लिइन्छ। १०४ वर्षीय निरंकुश राणाशाहीको क्रुर हुकुमी शासनका विरुद्धमा जनताका प्रजातन्त्रका स्वप्निल पक्षलाई उजागर गरी वास्तवमै नेपाली जनताको उन्मुक्तिका लागि ज्यानको आहुति उत्सर्ग गर्ने वीर सहिदको संस्मरणमा उच्च नमन र सम्मानको दिन सहिद दिवस हो ।

जनताका उन्मुक्ति र जनप्रतिनिधिमूलक संस्थाहरूको अपरिहार्यताको विचार विनिमय सम्प्रेषण गर्दा हामीले कहिल्यै भुल्न नसकिने राष्ट्रिय व्यक्तित्वहरूमा अमर सहिदहरूको नाम अग्रपंक्तिमा आउँदछ । नेपालले विगतदेखि अभ्यास गरी आएको लोकतान्त्रिक शासन पद्धतिको संस्थागत विकास तथा जनतालाई अधिकार सम्पन्न नागरिक बनाई संघीय राज्य संरचनाका मान्यतालाई कार्यान्वयन तहमा ल्याउने दिशामा परिणाममुखी कार्य भएमा त्यो नै राज्य र जनताकातर्फबाट वीर सपूतहरूप्रति सच्चा श्रद्धाञ्जलि हुनसक्छ । यस मानेमा प्रत्येक वर्ष मनाइने सहिद दिवस सप्ताह र औपचारिक कार्यक्रमले मात्र हाम्रा सहिदहरूको सपना साकार हुन नसक्ला । सहिदहरूले कोरेका पथमा दृढ इच्छाशक्ति र इमान्दारिताका साथ अघि बढ्नुमा विवेकशील र सचेत नागरिकको दायित्व पनि हो ।

नेपाली जनतालाई रैतीबाट सम्मानजनक नागरिक बनाउने अभियानमा निरंकुश राणाशाहीको क्रुर शासनको उभारको समयमा बुलन्द आवाज उठाउने वीर सहिदको गाथाले इतिहासका स्वर्णिम पाना भरिएको छ। यसको आफ्नै विशेषता छ, महत्त्व इतिहासले कोरेको र वर्तमानले बुझेको छ। नेपालको राजनीतिक इतिहासमा वि.सं. २००७ को प्रजातान्त्रिक आन्दोलन र यसको उपलब्धि तात्कालिक घटनाक्रममा राजा र आन्दोलनकारी राजनीतिक शक्तिहरूको ऐतिहासिक सहकार्य र प्रजातन्त्रप्रतिको जनउभारको परिपोषकका रूपमा लिन सकिन्छ।

प्रजातन्त्रको स्थापना र नागरिक अधिकार प्रत्याभूतिका लागि जयतु संस्कृतम् तथा नेपाल प्रजा परिषद्ले प्रारम्भिक समयमा खेलेको भूमिका स्मरणीय छ । प्रजातान्त्रिक अधिकारका अग्रज अभियन्ताको अथक प्रयास प्रतिकूल अवस्थामा पनि आफ्नो विचार, मान्यता र अभियानलाई निरन्तरता दिने साहसिक पथप्रदर्शक प्रेरणापुञ्ज हुन् । १०४ वर्षको जहाँनीया निरंकुश राणाशासनकाविरुद्धमा निडर र साहसिक पथप्रदर्शकका रूपमा वीर सहिदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठको जीवन आहुति तथा प्रजातन्त्रको स्थापनाका लागि योगदानका मूल्यलाई हामीले कसरी चुकाउन सकेका छौं भन्ने कुरा आजको सन्दर्भमा महत्त्व राख्दछ ।

नेपालको प्रजातान्त्रिक आन्दोलन, शासक वर्गको निरंकुशता र स्वेच्छाचारिताविरुद्ध इतिहासका विभिन्न कालखण्डमा विद्रोह, विग्रह र सशस्त्र आन्दोलन भएका घटनाक्रम बग्रेल्ती छन् । सन् १८८२ मा तात्कालिक राणा प्रधानमन्त्री रणोद्दीप सिंहको शासनकाविरुद्ध चौतारीया पुष्कर शाहका छोरा कर्णेल अमरविक्रम शाहले विद्रोह गरेका थिए । यसैगरी सहिद लखन थापामगरलाई नेपालको पहिलो सहिदका रूपमा मानिआएको पाइन्छ, जसले तात्कालिक राणाशाहीविरुद्ध जनविद्रोहको बिगुल फुक्ने साहस गरे । त्यसैगरी लेखक तथा सामाजिक अभियन्ता कृष्णलाल अधिकारीले मकैखेती नामक साहित्यिक कृतिका माध्यमबाट नेपाली जनतामा राणा शासनविरुद्ध जनचेतना फैलाए । २००७ सालको प्रजातान्त्रिक आन्दोलनका सशक्त योद्धा टंकप्रसाद आचार्यलाई नेपालीले जिउँदा सहिदका रूपमा पुँज्दछन् । नेपालको प्रजातान्त्रिक आन्दोलनमा इतिहासका विभिन्न कालखण्डमा साहसिक प्रजातान्त्रिक योद्धाहरूले पञ्चायती निरंकुशता र बर्बरताविरुद्ध आन्दोलनको उभार र ज्वारभाटा ल्याउने सत्प्रयास गर्दा सहिद भीमदत्त पन्त, दुर्गानन्द झा, रत्नकुमार वान्तवा तथा क्याप्टेन यज्ञबहादुर थापाले वीरगति प्राप्त गरेको स्वर्णिम इतिहास छ ।

केही महिनाअघिको जेन-जी आन्दोलनका बहुआयामिक पाटोकाबारेमा मिहीन र विहंगम विश्लेषण हुँदै रहला । त्यस आन्दोलनले नेपालमा फेरि एकपटक राजनीतिक, सामाजिक तथा सुशासनका पक्षमा आमूल परिवर्तन र रूपान्तरणको सन्देश दिनसक्यो । युवा वर्गको प्राथमिक माग सरकारको शासन पद्धतिमा व्यापक सुधार र रूपान्तरणको मागलाई सम्बोधन गर्न सन्देश दियो । त्यसैगरी जेन-जी आन्दोलनका क्रममा मृत्युवरण गरेका युवाप्रति उच्चसम्मान गर्दै राज्यले सहिद घोषणा गरिनु परिवर्तनका लागि उत्सर्ग गर्ने युवा र नागरिककाप्रति सम्पूर्ण नेपालीको सम्मान र मूल्यांकनका रूपमा लिन सकिन्छ ।

त्यसै आन्दोलनको उभारका फलस्वरूप आगामी फागुन २१ गते जनप्रतिनिधिमूलक संस्था प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदै छ । जेन-जी आन्दोलनले स्पष्टरूपमा उठान गरेका भ्रष्टाचारप्रति निर्मम उपस्थिति र शून्य सहनशीलता तथा सुशासनका मागलाई सम्बोधन गर्ने दिशामा लोक कल्याणकारी राज्य संरचनाले दिव्यदृष्टिका रूपमा लिएर कार्य गर्नु र युवा वर्गको मागलाई सम्बोधन गर्नुमा नै त्यस आन्दोलनका सहिदप्रति सच्चा श्रद्धाञ्जलि हुनसक्छ ।

औपचारिकरूपमा सहिद दिवसको कार्यक्रमको थालनी वि.सं. २०१२ सालमा तात्कालिक काठमाडौं नगरपालिकाको अगुवाईमा सुरुआत भयो । सहिदको योगदानको उच्च सम्मान गर्दै सहिद सप्ताहका रूपमा मनाउने परम्परालाई निरन्तरता दिँदै यस वर्ष पनि सहिद दिवसको कार्यक्रम माघ १० गतेदेखि १६ गतेसम्म मुलुकमा प्रजातन्त्र र आमनागरिकहरूको स्वतन्त्रताका लागि अमूल्य जीवन आहुति दिने वीर सहिदहरूको उच्च मूल्यांकन गर्दै मनाइइएको छ । सहिदका गाथाले इतिहासमा छुट्टै पहिचान र आस्थाको सोपान झल्किन्छ । पञ्चायती व्यवस्थाको ३० वर्षसम्मको निकै कहालीलाग्दो कालखण्डमा जनअधिकार र बहुदलीय व्यवस्थाको पुनर्स्थापनाका लागि साहसी वीर नेपालीले बलिदानी दिए । तिनकै पदचाप अनुशरण गर्दै २०४६ सालको ऐतिहासिक जनआन्दोलनको उपलब्धिका रूपमा निरंकुश पञ्चायती व्यवस्थाको अवसान भई प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको पुनर्स्थापना हुनसक्यो । २०६२/६३ को दोस्रो ऐतिहासिक जनआन्दोलनले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न सक्यो । लोकसम्मती र जनताद्वारा लोकतान्त्रिक विधिबाट निर्वाचित जनप्रतिनिधिले निर्माण गरी कार्यान्वयनमा आएको नेपालको संविधान सफल कार्यान्वयन दिशातर्फ परिलक्षित छ ।

नेपाली जनताका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार खोसिएको त्यो एक शताब्दीभन्दा बढी समयको निरंकुश राणा शासनको अन्त्यका लागि वीर सहिदहरूको योगदान आजका दिनमा पनि त्यत्ति नै सान्दर्भिक छ । देशमा लोकतान्त्रिक गणतन्त्रको बीजारोपण भएसंगै राजनीतिक उपलब्धि पूरा भएको आभाष दिन संस्थागत विकास साझा दायित्व हो । सहिदले कल्पना गरेको समाज निर्माणको अभियान अझै सकिएको छैन र वर्गीय शोषण र असमानता अझै विद्यमान छ । समाजमा आमूल रूपान्तरण तथा असमानताको अन्त्यका लागि लोकतान्त्रिक सरकारले पहिलो प्राथमिकताका रूपमा कार्य गर्नुपर्दछ । तबमात्र सहिदको सपना साकारोन्मुख होला ।

मुलुकलाई समृद्धि र दिगो विकासतर्फ उन्मुख गराउने सवालमा सरकार, राजनीतिक दल तथा सरोकारवालाहरूको गाम्भीर्यता अपरिहार्य छ । फलतः हाम्रा राजनीतिक अभ्यास र संस्कारले लोकतन्त्रको मियोको रूपमा रूपान्तरित हुने अवसर पाउने छ । लोकतन्त्रको सार र राजनीतिक इमान्दारिताको कसी भन्नु नै जनमतको भावनालाई अनुप्राणित गर्नसक्ने क्षमता राज्य शक्तिको रूपान्तरणमा हुनुपर्दछ । लोकतान्त्रिक व्यवस्था, मानवअधिकार तथा प्रेस स्वतन्त्रताको पूर्णतः प्रत्याभूति, बहुलवाद तथा बहुपहिचानको मान्यता र मर्मलाई मुखरित गर्ने आगामी कदमहरूले महत्त्व राख्दछ ।

राष्ट्रियता, लोकतन्त्र र विकासका आयामसँग लोकतन्त्रका मान्यता र उपागम अनुप्राणित हुन सक्नुपर्दछ । जनताका अभिमतलाई जनमतका रूपमा रूपान्तरण गर्ने अनि जनताका प्रतिनिधिमूलक संस्थाहरूको निरन्तरता र स्थायित्व कायम गर्ने दिशामा निर्वाचन र निर्वाचित संस्थाको महत्त्वलाई सामान्यरूपमा लिन सकिँदैन । सन्दर्भमा विश्लेषण गर्दा प्रसिद्ध राजनीतिक विश्लेषक डा. बिआर अम्बेडकरले भनेका छन्, ‘यदि लोकतन्त्रलाई नितान्त सामाजिक मूल्यमा रूपान्तरण गरिएन भने यो अन्ततोगत्वा निरंकुशतन्त्र हुन्छ र सरकार सञ्चालनको पद्धति अति नै निकृष्ट हुन आउँछ, जसको कारण आमनागरिकले पहिलेको खरो अधिनायकवादी शासन पद्धतिलाई समेत बिर्सने छन् तथा लोकतन्त्र फगत निर्वाचक लोकतन्त्रमामात्र सीमित हुने छ ।’

सहिदको सपनालाई साकार पार्ने सवालमा राजनीतिक तथा नागरिक क्षेत्रको समान चासो र गाम्भीर्यता रहे भोलिको सुनौलो नेपाल बन्ने छ । लोकतन्त्रको स्थापना र संस्थागत विकासका लागि सहिदहरूको बलिदानको मूल्य जनताको यावत् मानवअधिकार जस्तै समानता, न्याय तथा सामाजिक, आर्थिक रूपान्तरणका बग्रेल्ती अवसरहरू निर्वाधरूपमा प्राप्त हुनु हो । दिगो शान्ति, स्थायित्व र आमनागरिकका इच्छाशक्ति र भोगाइलाई आत्मसात् गर्नु लोकतन्त्रको मर्म हो । लोकतन्त्रको संस्थागत विकासमा इतिहासका कालखण्डमा सहादत प्राप्त गर्ने ज्ञात/अज्ञात सहिदप्रति सच्चा श्रद्धाञ्जलिसहित पुनः संस्मरण गर्नु छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ। यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन। गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन।

## पाठक मञ्च

# कालोसूचीको खतरामा देश, सरकार छैन सचेत

वि.सं. २०२२ सालमा सुन प्रतितोला ८० रूपैयाँ थियो भन्नेहरू अझै भेटिन्छन् । त्यतिबेला चाँदीको त मूल्य नै हुँदैनथ्यो पनि भनिन्छ । ०८२ माघ १४ गते सुन प्रतितोलाकै तीन लाख १८ हजार ८०० रूपैयाँ पुग्यो । चाँदी सात हजार ३०० रूपैयाँ पुग्यो । यसबीचमा सुन र चाँदी दुवैको लम्बाइ बढेको छ न चौडाइ ।

बनाउने ज्यालासहित एक तोला सुन किन्दा तीन लाख ५८ हजार रूपैयाँ तिर्नुपर्छ भने चाँदी १० हजार रूपैयाँ पर्छ । सुन व्यापारीहरू यत्रो पैसा लिएर सुन बेच्छन् तर ग्राहकलाई भ्याट बिल दिँदैनन् । अर्कोतर्फ, सुन र चाँदी नै सरकारको कुनै पनि निकायमा दर्ता हुँदैन । यसैले, देशभर कति सुनचाँदी छ ? कोसँग कति सुन छ ?

त्यो सुन कुन पैसाले किनिएको हो ? सरकारलाई थाहा छैन । सुनको मूल्य लगातार बढिरहँदा सुन पसलहरूमा किन्नेभन्दा बेच्नेको भीड भेटिन्छ । व्यापारीहरू ग्राहकलाई भन्छन्, ‘हामीसँग पैसा छैन, अन्तै लगेर बेच्नुस् ।’ ग्राहकलाई पैसाको फिटीफिटी परेको भएमा तोलाको ७० देखि ९० हजार रूपैयाँमात्र दिएर व्यापारीहरू किन्छन् ।

नभए त्यो सुन धितो राखेर ३६ प्रतिशत ब्याजमा ६० देखि ८० हजार ऋण दिइन्छ। अनि तीन महिनाभित्र ऋण चुक्ता नगरे तीन लाख १८ हजारको सुन ६० हजार रूपैयाँमै पचाइन्छ। सुन व्यापारीहरूले आमसर्वसाधारणलाई नराम्ररी फसाइरहेका छन् । उनीहरू दोहोरो चरित्र छ । सुन किन्न आउनेसँग भन्छन्, ‘केही महिनामै सुन पाँच लाख पुग्छ। चाँदी पनि १५ हजार पुग्ने छ।’

मूल्य बढ्ने वा तोलाकै पाँच लाख पुग्ने विश्वासमा परेर धेरैले सुनचाँदी किनिरहेका छन् । तर, सुनचाँदी किन्न आउनेसँग यसो भन्ने व्यापारीले बेच्न आउनेलाई भने ठ्याक्कै उल्टो व्यवहार गर्छन्। सुरूमा त उनीहरू पैसा छैन भन्दै सुन किन्न मान्दैनन्। त्यसपछि मूल्य घटेर एक लाखमुनि झर्नसक्छ भन्छन्। ग्राहकले आफूलाई पैसाको निकै खाँचो परेको बताएपछि त झनै ठग्छन्।

आपत् परेको हुनाले त्यति मूल्यमा ग्राहक सुन बेच्न तयार हुन्छन्। अनि यसरी किनिएको सुनचाहिँ व्यापारीले बजारी मूल्यअनुरूप बेचिरहेका छन्। सुनको मूल्यमा लगातार नयाँ नयाँ रेकर्ड त बनिरहेको छ। तर, आपत् परेको बेला कामै नलाग्ने सुनको के फाइदा ? बेच्नु पर्दा कति घाटा खानुपर्ला ? मूल्य बढेरमात्र हुँदैन, बिक्री पनि हुनुपर्छ । अनि किन्ने कोही नभएपछि जतिसुकै भाउ अकासिए पनि के फाइदा ? आमसर्वसाधारणले लहलहैमा लागेर त धमाधम सुनचाँदीमा लगानी गरिरहेका छन् ।

भोलि यत्रो महँगोमा किनिएको सुन बिक्री नै नभए वा भए पनि लाखौंको सुन हजारमा बेच्नुपरेमा के होला ? एक-दुई तोला घाटा खाएरै बेच्दा त मान्छेलाई त्यति असर नपर्ला तर किलोकिलो सुन लाखौंमा किनेर हजारमा बेच्नुपरेमा ऊ केवल डुब्दैन, पारिवारिक सम्बन्धमा दरारसँगै सहन नसकेर कतिपयले आत्महत्यासमेत गर्न सक्ने छन्। त्यसैले, मूल्य बढेको देखेरमात्र सुन नकिनौं। कुनै पनि वस्तुमा लगानी गर्नुपूर्व सोचविचार गरौं।

सुनसँगै घरजग्गा, गाडी र सेयर विलासित वस्तु हुन् । दलालहरूले कृत्रिम रूपमा मूल्य बढाएको यी वस्तुमा सोझासाझा नागरिकले लहलहैकै भरमा लगानी गर्दा आज उनीहरूको हालत के भएको छ ? एकातिर बैंकको ऋण, अर्कोतिर किनेको आधा मूल्यमासमेत घरजग्गा, गाडी र सेयर नबिक्दा धेरै मर्नु न बाँच्नुको अवस्थामा पुगेका छन् ।

रोपनीको १० हजारमा नबिक्ने जमिन जग्गाहरूले खण्डीकरण गरेर आनाकै २५ लाखदेखि करोडौं पुऱ्याए । एक रोपनीमा १६ आना हुन्छ । छिमेकी भारत र चीनबाट पाँच लाखमा किनेर ल्याइएको सवारीसाधन यहाँ तीन लाखदेखि करोडौंमा बेचिएको छ । सेयर बैंक, वित्तीय संस्था, जलविद्युत् तथा इन्स्यरेन्स कम्पनीहरूले प्रतिकित्ता १०० रूपैयाँमा निष्काशन गरेका हुन् ।

तर, दलालहरूले एकाएक मूल्य बढाएर एक कित्ता सेयर नै ३२ सयदेखि पाँच हजारमा बेचे । अहिले यही सेयर २६ सयमा झरेको छ । सेयरको मूल्य अझै घटेर एक हजारमुनि आउने विश्लेषकहरू बताउँछन् । दलालहरूको विश्वासमा पर्दा आमसर्वसाधारण नराम्ररी डुबेका छन् । आफूले जीवनभर दुःख गरेर वा विदेशमा रगत पसिना बगाएर कमाएको पैसा दलालीहरूको विश्वासमा घरजग्गा, गाडी र सेयरमा लगानी गर्दा धेरै डुबे ।

अब पालो सुनमा लगानी गर्नेहरूको आएको छ । किनकि सुनको पनि मूल्य फेरि पहिलेकै भाउमा पुग्ने नै छ । त्यतिबेला धेरै सर्वसाधारण चुलुम्मै हुन्छन् । अहिले मुलुक ग्रे लिस्टमा छ । केही महिनाभित्रै यो लिस्टबाट मुलुक नहटेमा नेपाल कालोसूचीमै पर्ने छ । यो हुनासाथ विदेशमा रहेका सबै नेपालीलाई नेपाल नै फर्काइने छ भने हामी नेपाली वा सरकारका प्रतिनिधिले पनि कुनै पनि देशका कार्यक्रममा सहभागिता जनाउन पाउने छैनौं ।

- **रूषा थापा**, भक्तपुर



**सडकको हिउँ पन्छाइँदै** | भारी हिमपातका कारण अवरुद्ध बनेको लोमान्थाङ–कोरला सडकको हिउँ शनिबार पन्छाउँदै कोरला सडक आयोजना र सशस्त्र सुरक्षाकर्मी। *तस्बिरः रासस*

# म्याग्दीमा ८६१ जना निर्वाचन प्रहरी छानिए

**म्याग्दी–** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि म्याग्दीमा ८६१ जना निर्वाचन प्रहरी छनोट भएका छन् । जिल्ला प्रहरी कार्यालय म्याग्दीअन्तर्गत ५६५ जना र सशस्त्र प्रहरी बल आश्रित गुल्म गलेश्वरअन्तर्गत ९६ जना निर्वाचन प्रहरी छनोट भएका हुन् । शारीरिक परीक्षण र लिखित परीक्षामार्फत छनोट भएका निर्वाचन प्रहरीहरूलाई नियुक्तिका लागि शनिबार सम्पर्कमा बोलाइएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाले जानकारी दिए ।

निर्वाचन प्रहरीको वैकल्पिक सूचीमा छनोट भएका २८६ जनामध्ये २१२ जना छिमेकी जिल्ला बागलुङमा पठाइने उनले बताए । छनोट भएका निर्वाचन प्रहरीहरूका लागि आइतबारदेखि तालिम सञ्चालन गरिने भएको छ । बेनी र इलाका प्रहरी कार्यालय रहेको मालिका गाउँपालिकाको केन्द्र दरवाङमा तालिम सञ्चालन गरिने प्रनाउ थापाले बताए । फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको शान्ति सुरक्षाको व्यवस्थापनमा खटिने नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई सघाउनका लागि निर्वाचन प्रहरी नियुक्त गर्न लागिएको हो ।

छ वटा स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीमा ४२ हजार ३३२ पुरुष र ४४ हजार ६४ जना महिला र एक जना अन्य गरी कूल ८६ हजार ३९७ जना मतदाता कायम भएका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

जिल्ला सुरक्षा समितिले म्याग्दीमा कायम भएका ८२ मतदानस्थलमध्ये आठ वटालाई अति संवेदनशील, २९ वटालाई संवेदनशील र ४५ स्थललाई सामान्य वर्गमा विभाजन गरेर निर्वाचन सुरक्षा रणनीति बनाएको सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले बताए ।

मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापा, प्रजिअ आचार्यसहित सुरक्षा अधिकारीहरूको टोलीले मतदानस्थलको निरीक्षण कार्यलाई अन्तिम चरणमा पुऱ्याएको छ । प्रतिनिधिसभामा एक, प्रदेशसभामा दुई, छ वटा स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीमा ८२ वटा मतदानस्थलमा १२० मतदान केन्द्र कायम भएको छ ।

म्याग्दीमा एक स्वतन्त्र र ११ जना राजनीतिक दलका उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी, नेकपा एमालेका हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिस्ट पार्टीका अर्जुन थापा र स्वतन्त्र उम्मेदवार महाविर पुन मुख्य प्रतिस्पर्धीका रूपमा रहेको बताइएको छ । *रासस*



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

**सूचना प्रकाशित मितिः २०८२/१०/१८**

**श्री पलमान तामाङको** नाति, **श्री सिँग नुर्वु तमाङको** छोरा, **वागमती प्रदेश, नुवाकोट** जिल्ला **किस्पाङ गा.पा** वडा नं. ३ बस्ने **श्री संग बहादुर गुरुङ भन्ने तेम्बा तमाङले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०३०८४** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/०४/०८** मा निज खातावाला **श्री संग बहादुर गुरुङ भन्ने तेम्बा तमाङको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **श्रीमती** नाता पर्ने **श्रीमती पुतलीसिनी गुरुङ भन्ने पुतली तमाङ**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्री संग बहादुर गुरुङ्ग भन्ने तेम्बा तमाङको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बरः ०१४५१८५८२
फ्याक्सः- ०१४५१८४५३



# बागलुङ–२ः विकासको अगुवाइ गर्ने नेतृत्वको पर्खाइ

**गण्डकी–** बागलुङ दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा बाँडिएको छ । जसमध्ये क्षेत्र नं. २ ले पश्चिम बागलुङलाई समेटेको छ । भौगोलिक विकटता, गरिबी, बेरोजगारी, अशिक्षाजस्ता समस्यासँग जुधिरहेको यस क्षेत्र विकासको पर्खाइमा छ । प्रचुर सम्भावना भएर भौतिक विकासमा पछि परेको यहाँका मतदाता दूरगामी दृष्टिकोणसहित विकासको अगुवाइ गर्ने नेतृत्वको खोजीमा छन् ।

बहुदलपछिका सातवटा आमनिर्वाचनमा मत दिएर जिताएका राजनीतिक दल र उम्मेदवारले अपेक्षितरूपमा काम गर्न नसक्दा यस क्षेत्र विकासमा पछाडि परेको जनगुनासो छ । यस क्षेत्रलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने बागलुङ-घोडाबाँधे सडक मार्ग खुलेको २५ वर्ष बितिसक्दा कोलोपत्र हुन नसक्नु त्यसकै एक दृष्टान्त हो । दुई दशकदेखि चर्चामा रहेको र सरकारले निर्माण घोषणा गरेको उत्तरगंगा जलाशययुक्त जलविद्युत् आयोजनाले गति लिन नसकेकामा स्थानीवासी असन्तुष्ट छन् ।

ठूला र रूपान्तरणकारी योजना तत्काल कार्यान्वयनमा आउन नसके पनि जनजीविकासँग सम्बन्धित समस्या छिटो सम्बोधन हुनुपर्ने मतदाताको माग छ । निर्वाचनताका बाँडेका आश्वासन नेताहरूले पूरा गरुन् भन्ने उनीहरू चाहन्छन् । मध्यपहाडी लोकमार्गले यातायात सेवामा केही सहजता ल्याए पनि यस क्षेत्रका ग्रामीण सडक भने अझै नाजुक अवस्थामा छन् । कतिपय वडामा बाह्रैमास यातायात सञ्चालन गर्न नसकिने अवस्था छ । राष्ट्रिय राजमार्गमा जोडिए पनि यस क्षेत्रमा आर्थिक गतिविधि न्यून छ ।

स्वास्थ्य र शिक्षामा पहुँचको दृष्टिले बागलुङ-२ का बासिन्दा पछाडि छन् । भौगोलिक विकटताका कारण ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिकालगायत स्थानीय तहमा स्वास्थ्य सेवामा सर्वसाधारणको सहज पहुँच छैन । सबै नागरिकलाई आधारभूत शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउन राज्यले गरेको प्रयास यस क्षेत्रमा अपर्याप्त देखिन्छ । प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङकी जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माका अनुसार भौगोलिक विकटता र सचेतनाको कमी आदि स्वास्थ्य क्षेत्रका चुनौती हुन् ।

मातृ तथा नवशिशु स्वास्थ्यका दृष्टिले निसीखोला र ढोरपाटन जिल्लाकै कमजोर छ । ती दुई स्थानीय तहमा घरमै हुने सुत्केरीको दर बढी छ । गत आवको आँकडाअनुसार निसीखोलाका १६ आमाले घरमै सुत्केरी गराएको जनस्वास्थ्य निरीक्षक शर्माले जानकारी दिइन् । बालबालिकाको विद्यालय छोड्ने दर पनि यही क्षेत्रमा बढी छ । पढाइ बीचमै छाडेर रोजगारीका लागि भारतलगायत मुलुकमा जान यहाँका युवा विवश छन् । गरिबी र विपन्नता यस क्षेत्रको अर्को समस्या हो । व्यावसायिक कृषि, पशुपालन, पर्यटन, खनिज आदिमा अथाह सम्भावना भए पनि स्थानीयवासीको जीवनयापन गुजारामुखी छ ।



उद्यम र व्यवसाय प्रवर्द्धनका गतिविधि न्यून हुने गरेका छन् । वैदेशिक रोजगारीमा जानेको संख्या अधिक छ । अधिकांश भारत र खाडी मुलुक पुगेका छन् । अन्य विकसित मुलुकमा अध्ययन र रोजगारीका जानेको संख्या बढ्दो छ । देशकै एकमात्र सिकार आरक्ष ढोरपाटन सिकार आरक्ष यही क्षेत्रमा पर्ने भए पनि पर्यटनबाट स्थानीयवासीले यथोचित लाभ पाएका छैनन् । पर्यटन पूर्वाधार र प्रचारप्रसारको अभाव छ । ढोरपाटनलाई मध्यवर्ती क्षेत्र घोषणा गर्ने सरकारको योजना सफल हुन सकेको छैन ।

जिल्लाको सबैभन्दा होचो भूभाग बडीगाड गाउँपालिकाको खर्बाङ बजार (६०० मिटर) देखि सबैभन्दा अग्लो भूभाग ढोरपाटनमा पर्ने फागुने धुरी (चार हजार ६९० मिटर) यही क्षेत्रमा पर्छ । यस क्षेत्र छिमेकी जिल्ला गुल्मी, प्युठान, रोल्पा, रुकुमपूर्व र म्याग्दीसँग जोडिएको छ । बेंसीका सम्म फाँटदेखि लेकका पाटनसम्म यहाँको भूगोल फैलिएको छ । ढोरपाटन सिकार आरक्ष, घुम्टेको लेक, गलकोट दरबार, पातीहाल्ने, तिलाचन ताल, रिघा ताल, बराह ताल, नौडल्ले पहाड, डुँडेको लेक, निलुवा, सहस्रधारा झरना, टेउवा मूर्तिकला संग्रहालय, सोलेडाँडालगायत यहाँ मुख्य पर्यटकीय क्षेत्र हुन् ।

जिल्लाको मौलिक पहिचानका रूपमा रहेका बुट्टेनली, नेपाली हाते कागज, राडीपाखी, भाँगो आदि यहीँ पाइन्छन् । कुनै ताका तामाखानी चलाएका छन्त्याल जातिको बसोबास यहाँ छ । तमानखोला गाउँपालिकामा पर्ने लाम्मेलाखानी, गुर्जाखानी, खुंखानी, बोंखानी, घोसाखानी, घैयाखानीलगायत 'उपल्लो बाइस खानी' अन्तर्गत थिए । ती ठाउँमा अहिलेपनि तामाखानीका तोबा (प्वाल), सुरुङ र अवशेष भेटिन्छन् ।

स्थानीयवासीका अनुसार पुस्तौंदेखि चलेका तामाखानी श्री ३ चन्द्र शमशेरको

> "जिल्लाको सबैभन्दा होचो भूभाग बडीगाड गाउँपालिकाको खर्बाङ बजार (६०० मिटर) देखि सबैभन्दा अग्लो भूभाग ढोरपाटनमा पर्ने फागुने धुरी (चार हजार ६९० मिटर) यही क्षेत्रमा पर्छ । यस क्षेत्र छिमेकी जिल्ला गुल्मी, प्युठान, रोल्पा, रूकुमपूर्व र म्याग्दीसँग जोडिएको छ ।

पालामा वि.सं. १९८१ देखि बन्द छन् । तत्कालीन सरकारले कर (भेजा उठाउने) नियम बसालेपछि गाउँलेले तामा निकाल्न छाडेका थिए । छन्त्यालहरूले रैथाने प्रविधिबाट तामा उत्खनन गर्थे । गाउँपालिका अध्यक्ष जोकलाल बुढा तामाखानी रहेको क्षेत्रको पहिचान र सूचीकृत गर्न पहल थालिएको बताउँछन् । तामाखानीको सम्भाव्यता अध्ययनपछि खोज र उत्खननका लागि पहल अगाडि बढाउने गाउँपालिकाको योजना छ ।

यस क्षेत्रमा बसोबास गर्ने जातजातिका आफ्नै मौलिक संस्कृति र रहनसहन छ । ताराखोलाको सिस्नो खोस्ने पर्वदेखि निसीखोलाको पुतली नाच, गलकोटको सती घाटुदेखि ढोरपाटनको झाँक्री नाचसम्म यहाँका सांस्कृतिक धरोहर हुन् । यस क्षेत्रमा क्षेत्री, ब्राह्मण, जनजाति, दलित आदिको मिश्रित बसाबोस छ ।

बागलुङ-२ मा गलकोट नगरपालिका, ढोरपाटन नगरपालिका, ताराखोला गाउँपालिका, बडिगाड गाउँपालिका, तमानखोला गाउँपालिका र निसीखोला गाउँपालिकामा समेटिएको छ ।

यस क्षेत्रमा कूल ९६ हजार ३३५ मतदाता रहेका निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत ऋषिराम रिजालले जानकारी दिए । तीमध्ये महिला मतदाता ४८ हजार २०५ र पुरुष मतदाता ४७ हजार १३० छन् । यस क्षेत्रमा ५९ मतदानस्थल र ११५ वटा मतदान केन्द्र छन् । वि.सं. २०४८ को आमनिर्वाचनमा यस क्षेत्रमा नेपाली कांग्रेसका ओमप्रसाद गौचन विजयी भएका थिए ।

वि.सं. २०५१ र २०५६ को निर्वाचनमा राष्ट्रिय जनमोर्चाका परी थापा, वि.सं. २०६४ को संविधानसभा निर्वाचनमा नेपाली कांग्रेसका निरज पुन, वि.सं. २०७० को दोस्रो संविधानसभा सदस्य निर्वाचनमा नेपाली कांग्रेसकी ज्ञानकुमारी छन्त्याल विजयी भएका थिए । वि.सं. २०७४ को निर्वाचनमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टीका तर्फबाट देवेन्द्र पौडेल र वि.सं. २०७९ को निर्वाचनमा नेकपा माओवादी केन्द्रका तर्फबाट पुनः पौडेल नै विजयी भएका थिए ।

यसपटकको निर्वाचनमा नेपाली कांग्रेसका टेकराज पौडेल, नेकपा एमालेबाट मञ्जु शर्मा चालिसे, नेपाली कम्युनिस्ट पार्टीका ज्ञामनाथ गैरे 'अनिल', राष्ट्रिय स्वतन्त्र पार्टीका सोम शर्मा र राष्ट्रिय प्रजातन्त्र पार्टीका अञ्चल शाही उम्मेदवार रहेका छन् । जनता समाजवादी पार्टीका पूर्णबहादुर घर्ती, मंगोल नेसनल अर्गनाइजेसनबाट जुनबहादुर थापामगर, नेपाल मानवतावादी पार्टीका टेकप्रसाद कामी, नेसनल रिपब्लिक नेपालबाट नरबहादुर बुढा, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट पदमबहादुर कुवँर, नेपाल कम्युनिस्ट पार्टी माओवादीबाट लोकेन्द्र घिमिरे र श्रम संस्कृति पार्टीबाट हर्कबहादुर पुन चुनावी मैदानमा छन् । *रासस*



आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो !
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो !!

## भावपूर्ण श्रद्धाञ्जलि



जन्म : **बि.सं. १९९२ साल**

स्वर्गारोहण : **बि.सं. २०८२ माघ ६**

**स्व. सुन्तली तण्डुकार**

**नेपाल पत्रकार महासंघ ललितपुर शाखाका** उपाध्यक्ष श्याम तण्डुकारका ममतामयी माता **सुन्तली तण्डुकार**को २०८२ माघ ०६ गते मङ्गलबारका दिन स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जलि** अर्पण गर्दछौं ।
उहाँको निधनले नेपाल पत्रकार महासंघ ललितपुर शाखा मर्माहत भएको छ ।
साथै यस दुःखद् घडीमा परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल पत्रकार महासंघ**
ललितपुर जिल्ला शाखा परिवार
ललितपुर

# प्रभाव दैनिक

आइतबार, १८ माघ २०८२ (Sunday, 01 February 2026)





## तेलुगु फिल्ममा डेब्यु गर्दै अभिनेत्री राशा

फिल्म 'आजाद' बाट बलिउडमा डेब्यु गरेकी अभिनेत्री राशा थडानी अब तेलुगु फिल्ममा देखिने भएकी छन् । फिल्म 'श्रीनिवास मंगापुरम' मार्फत उनी तेलूगू फिल्ममा देखिने भएकी हुन् । फिल्मको हालै 'मोसन पोस्टर' सार्वजनिक गरिएको छ । उक्त पोस्टर सामाजिक सञ्जालमा सेयर गर्दै राशाले खुसी व्यक्त गरेकी छिन् । इन्स्टाग्राममा राशाले सेयर गरेको पोस्टरमा उनले हल्का बैजनी रंगको पहिरन लगाएकी छिन् । खुला कपाल र पृष्ठभूमिमा फूल देख्न सकिन्छ । पोस्टर सेयर गर्दै उनले लेखेकी छन्, 'श्रीनिवास मंगापुरम' की मंगालाई भेट्नुहोस् । आभार र आशाले भरिएको हृदयका साथ म तेलुगु फिल्ममा पहिलो पाइला चाल्दैछु ।'



# चार फिल्म फागुनको सुरुवातमै भिड्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** केही दिन लगातार सार्वजनिक बिदा पर्नासाथ निर्माता/ निर्देशकहरू आफ्नो फिल्म प्रदर्शनका लागि तँछाडमछाड गर्ने प्रचलन नेपाली फिल्म क्षेत्रमा नयाँ होइन । कहिलेकाहीँ प्रतिस्पर्धा यति तीव्र हुन्छ कि एउटै मितिमा चार-पाँच वटासम्म फिल्म भिड्छन् । आगामी फागुन १ गते पनि नेपाली बक्सअफिसमा एउटा 'महायुद्ध' हुने देखिएको छ । यो दिन 'लालीबजार', 'शिवांश', 'बिगुल' र 'श्री बुकुरो' प्रदर्शनको तयारीमा छन् ।

२ गते शनिबार, ३ गते महाशिवरात्रि, ६ गते ग्याल्पो ल्होछार र ७ गते प्रजातन्त्र दिवसको अवसरमा गरी चार दिन सार्वजनिक बिदा परेको छ । यही मौका छोपेर फागुनको पहिलो साता निर्माता-निर्देशकहरू आफ्नो फिल्म प्रदर्शनको तयारीमा जुटेका हुन् । फागुन १ मै प्रदर्शन हुने भनिएको फिल्म 'कल्ली'ले भने देशको राजनीतिक अवस्था र चुनावको कारण भन्दै प्रदर्शन स्थगित गरिसकेको छ ।




'लालीबजार फिल्मलाई 'जात्रा' शृङ्खला र 'महापुरुष' जस्ता सफल फिल्म दिएको षट्कोण आर्ट्सले निर्माण गरेको हो । अभिनेत्री स्वस्तिमा खड्काको मुख्य भूमिका रहेको फिल्म यम थापाले निर्देशन गरेका हुन् । लेखनसमेत निर्देशक थापाकै रहेको फिल्मलाई रवीन्द्रसिंह बानियाँ, म्याक्स दीपेश खत्रीले निर्माण गरेका हुन् । फिल्मका कार्यकारी निर्माता प्रदीप भट्टराई छन् । 'शिवांश' पनि महाशिवरात्रिको अवसर पारेर फागुन १ मा प्रदर्शनमा आउन लागेको हो । फिल्ममा अभिनेता प्रवीण खतिवडाको मुख्य भूमिका छ । सन्तोष कुमार आत्रेयको निर्देशन रहेको फिल्म अञ्जान सिनेमा प्रोडक्सन हाउसको प्रस्तुतिमा बनेको हो । फिल्ममा प्रवीणका अलावा तेज गिरी, रुषा न्यौपानेको पनि अभिनय छ । फिल्म शिवको कथामा निर्माण भएको बताइन्छ । फिल्ममा न्ह्यू बज्राचार्य र राजनराज शिवाकोटीको सङ्गीत छ ।

त्यस्तै 'बिगुल' पनि फागुन १ मा आउन लागेको छ । यो फिल्म माघ ९ मा प्रदर्शन हुने भनिए पनि सरेर फागुनमा पुगेको हो । समसामयिक राजनीतिक र सामाजिक मुद्दामा आधारित फिल्म रमेश कोइरालाले निर्देशन गरेका हुन् । फिल्मले जेनजी पुस्ताको आन्दोलन र भ्रष्टाचार विरुद्धको आवाजलाई चित्रण गरेको छ । फिल्मका निर्माता दिनेश कोइराला हुन् । फिल्ममा बेनिशा हमाल, नरेन खड्का, रमेश बुढाथोकी, नीर शाह र सरोज खनाल लगायतको अभिनय छ ।

'श्री बुकुरो : द होम कलिङ'ले पनि फागुन १ लाई नै आफ्नो प्रदर्शन मिति तोकेको छ । 'श्री बुकुरो' ले एउटा शुद्ध पारिवारिक कथा लिएर प्रवेश गर्दैछ । फिल्मको निर्देशन सुदीप भुपाल सिंहले गरेका हुन् । फिल्मले हराउँदै गएको पारिवारिक मूल्य र घर फर्कने चाहनालाई समेत समेटेको निर्देशक सिंहले बताए । फिल्ममा लक्ष्मी गिरी, आशीर्वाद क्षेत्री र निकिता आचार्य लगायतका कलाकारको अभिनय छ । फिल्ममा रञ्जित गजमेर र वसन्त सापकोटाको सङ्गीत छ ।

यसैगरी फागुन १ को यो महाभिडन्तमा सामेल हुने भनिएको फिल्म 'कल्ली'ले भने अन्तिम समयमा आएर आफूलाई अलग बनाएको छ । निर्माण संस्था लेकाली इन्टरटेनमेन्टले विज्ञप्ति जारी गर्दै चुनावको कारण फिल्मको प्रदर्शन स्थगित गरेको जानकारी दिएको हो । लेकाली इन्टरटेनमेन्टले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'देश निर्वाचनमा होमिएको बेला नागरिकको ध्यान राजनीति र राष्ट्रको भविष्यतर्फ हुनु स्वाभाविक हो ।' ४ फिल्म एकैसाथ जुध्दा हुने व्यापारिक नोक्सानी र राजनीतिक माहोलका कारण 'कल्ली' पछि हट्नुलाई बुद्धिमानीपूर्ण निर्णय भनेर पनि विश्लेषण गरिएको छ । फिल्ममा सौगात मल्ल, बेनिशा हमाल र नाजिर हुसेनको मुख्य अभिनय छ ।

# 'आबाट आमा' लाई अस्ट्रेलिया, न्यूजिल्यान्डमा सयभन्दा धेरै शो

■ प्रभाव संवाददाता



**काठमाडौं –** पछिल्लो समय अष्ट्रेलियामा नेपाली फिल्मको बजार बढ्दो छ । नेपाली समुदायको बढ्दो बसोबाससँगै नेपाली फिल्मको बजार पनि विस्तार हुन लागेको हो । जसअनुसार, फिल्मको वितरण अधिकार किन्नेको संख्या बढेको छ । नेपालमा १६ माघदेखि प्रदर्शन तयारीमा रहेको फिल्म 'आबाट आमा' ले अष्ट्रेलियामा पनि आफ्नो प्रचारप्रसारलाई तीव्र तुल्याएको छ । नेपाल रिलिजको ठीक एक सातापछि ५ फेब्रुअरीमा यो फिल्म अस्ट्रेलिया र न्यूजिल्यान्डमा फिल्म लाग्नेछ ।

ती दुबै मुलुकको वितरण अधिकार सिड्नीमा बसोबास गर्दै आएका प्रमेज धामीले खरिद गरेका छन् । उनले यसअघि 'माइतीघर' लाई त्यहाँ रिलिज गरेका थिए । उनका अनुसार, यो फिल्म त्यहाँका ३५ भन्दा धेरै हलमा रिलिज हुनेछ । ती हलमा १०० भन्दा धेरै शोज तय छ ।

वितरक धामीका अनुसार यो फिल्म नेपालीको बाक्लो बस्ती रहेको अष्ट्रेलियाको सिड्नीस्थित हर्सभिल, बरूउड, अर्बन, हन्सबी, पारामाटा र लिभरपुलमा रहेका इभेन्ट सिनेमा लगायतका हलमा लाग्ने छ । साथै ब्रिसबेन, मेलबर्न, पर्थ, क्यानबेरा, तासमनिया लगायतका सहरमा समेत रिलिज हुने जनाइएको छ । चन्द्र पन्त निर्देशित फिल्ममा प्रदीप रावत, पल शाह, विपना थापा, उषा उप्रेती, रवीन्द्र झा, साइग्रेस पोखरेल, सिम्रन पन्तको अभिनय छ ।



छैटौं टाइगर कप भलिबल

# पुलिसलाई हराउँदै गण्डकीले जित्यो पुरुष भलिबलको उपाधि




■ प्रभाव संवाददाता

**पोखरा–** छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब च्याम्पियनसिपको पुरुषतर्फको उपाधि गण्डकी प्रदेश भलिबल संघले जितेको छ ।

शनिबार पोखरा रंगशालास्थित भलिबल कोर्टमा भएको फाइनलमा विभागीय टिम नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा हराउँदै गण्डकी प्रदेश च्याम्पियन बनेको हो । योसँगै गण्डकीले अघिल्लो संस्करणको फाइनलमा ब्यहोरेको हारको बदला पनि लिएको छ । पहिलो सेट २३-२५ ले पुलिसलाई सुम्पिएको गण्डकीले त्यसपछि लगातार तीन सेटमा जित हात पारेको हो । दोस्रो सेटमा २८-२६ को जित निकालेको गण्डकीले तेस्रो सेट २५-२२ र चौथो सेट २५-१७ ले जितेको हो ।

गण्डकीका मुस्ताफा खान प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनले २६ हजार ६६६ रूपैयाँ प्राप्त गरे । सर्भर अद्नान खान, लिविरो भीमबहादुर गाहा, सेटर बलराम गुरुङ, ब्लकर फहद राज, स्पाइकर फकर वाट्टु र प्रशिक्षक रमेश केसी विधागततर्फ उत्कृष्ट बने । उनीहरूले जनही ११ हजार १११ रूपैयाँ हात पारे ।

प्रतियोगितामा पर्वत जिल्ला भलिबल संघ तेस्रो भएको छ । तेस्रो स्थानका लागि भएको खेलमा पर्वतले त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा हराएको हो ।

पर्वत भलिबलले पहिलो सेट २५-१९, दोस्रो सेट २९-२७ र तेस्रो सेट २५-१३ ले आफ्नो पक्षमा पारेको हो ।

च्याम्पियनसिपमा विजेता गण्डकीले ६ लाख ६६ हजार ६६६ र उपविजेता पुलिस क्लबले ३ लाख ६६ हजार ६६६ पाएको छ । तेस्रो बनेको पर्वतले २ लाख ६ हजार ६६६ रूपैयाँ पाएको छ । यसअघि शुक्रबार भएको महिलातर्फको फाइनलमा नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै न्यू डायमण्ड स्पोर्ट्स क्लबले उपाधि जितेको थियो । टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा माघ ९ गतेदेखि सुरु भएको च्याम्पियनसिपमा पुरुषतर्फ ६ र महिलातर्फ ५ टोली सहभागी भएका थिए ।

# प्रतिभा सुपर लिग क्रिकेट आजदेखि

## उद्घाटन खेलमा प्रतिभा र बाराही भिड्ने

■ प्रभाव संवाददाता



PRATIVA SUPER LEAGUE
INTER-SCHOOL MEN'S T-20 CRICKET TOURNAMENT 2082
TIE-SHEET

| Group A | Group B | Group C | Group D |
|---|---|---|---|
| 1. Kumudini | 1. Motherland | 1. Prativa | 1. Global |
| 2. Chhorepatan | 2. Gurukul | 2. Nepal Bharat | 2. Diamond |
| 3. Tops | 3. Janapriya | 3. Barahi | 3. Balmandir |

| Date | First Match | Time | Second Match | Time |
|---|---|---|---|---|
| 2082.10.18 | Prativa Vs. Barahi | 9:00 AM | Global Vs. Bal Mandir | 1:00 PM |
| 2082.10.19 | Kumudini Vs. Chhorepatan | 9:00 AM | Motherland Vs. Janapriya | 1:00 PM |
| 2082.10.20 | Diamond Vs. Balmandir | 9:00 AM | Nepal Bharat Vs. Barahi | 1:00 PM |
| 2082.10.21 | Tops Vs. Chhorepatan | 9:00 AM | Diamond Vs. Global | 1:00 PM |
| 2082.10.22 | Gurukul Vs. Janapriya | 9:00 AM | Prativa Vs. Nepal Bharat | 1:00 PM |
| 2082.10.23 | Motherland Vs. Gurukul | 9:00 AM | Kumudini Vs. Tops | 1:00 PM |
| 2082.10.24 | First Semifinal (Game 1) (Group Winner 1 Vs. Group Winner 4) (Based on Run rate & points of each group) | 9:00 AM | Second Semifinal (Game 2) (Group Winner 2 Vs. Group Winner 3) (Based on Run rate & points of each group) | 1:00 PM |
| 2082.10.25 | Final (9:00 AM) (Winner of Game 1 vs. Winner of Game 2) | | | |

Reporting Time: 1st Match 8:00 AM Sharp, 2nd Match 12:00 PM Sharp
Venue: Pokhara Cricket Ground, Pokhara Rangasala
Organized By: Prativa Secondary School

**पोखरा–** प्रतिभा सुपर लिग (पिएसएल) क्रिकेट प्रतियोगिता सुरु हुँदै छ । प्रतिभा मावि पोखराको आयोजना तथा पोखरा महानगरपालिका क्रिकेट संघको सहयोग र समन्वयमा आइतबारदेखि अन्तर माध्यमिक विद्यालय क्रिकेट प्रतियोगिता प्रतिभा सुपर लिग हुन लागेको हो ।

पोखरा रंगशालास्थित क्रिकेट मैदानमा माघ २५ गतेसम्म हुने प्रतियोगिताको उद्घाटन खेलमा बिहान ११ बजे हुने आयोजक प्रतिभा माविका प्राचार्य किरण सापकोटाले जानकारी दिए । प्रतियोगिताको उद्घाटन खेलमा आयोजक प्रतिभा मावि र वाराही माविबीच प्रतिस्पर्धा हुनेछ । दोस्रो खेलमा भने ग्लोबल कलेजियट र बाल मन्दिर मावि भिड्नेछन् ।

कुल १२ विद्यालय सहभागी प्रतियोगितामा माघ १९ गते कुमुदिनी होम्स मावि र छोरेपाटन मावि तथा मदरल्याण्ड र जनप्रिय मावि, माघ २० गते डायमण्ड मावि र बालमन्दिर मावि तथा नेपाल भारत मैत्री मावि र वाराही मावि, माघ २१ गते टप्स मावि र छोरेपाटन मावि तथा डायमण्ड मावि र ग्लोबल कलेजजियट, माघ २२ गते गुरुकुल र जनप्रिय तथा प्रतिभा मावि र नेपाल भारतमैत्री मावि र माघ २३ गते मदरल्याण्ड सेकेण्डरी र गुरुकुल विद्या सदन तथा कुमुदिनी होम्स र टप्स मावि प्रतिस्पर्धामा उत्रिने उनले जानकारी दिए ।

प्रतियोगिताको सेमिफाइनल खेल माघ २३ गते हुनेछ । हरेक समूहबाट विजेता बनेकाहरूले सेमिफाइनल खेल्ने प्राविधिक पक्ष हेरिरहेका क्रिकेट संघ पोखरा महानगर समितिका संयोजक बिरेन पुनले जानकारी दिए ।

उनका अनुसार सेमिफाइनलमा समूह 'एझ र 'सीझ तथा समूह 'बीझ र 'डीझ बीच फाइनल प्रवेशका लागि प्रतिस्पर्धा हुनेछ । लिग कम नकआउटका आधारमा हुने प्रतियोगिताको समूह 'ए' मा कुमुदिनी होम्स, छोरेपाटन मावि र टप्स मावि, समूह 'बी' मा जनप्रिय मावि, गुरुकुल विद्यासदन र मदरल्याण्ड मावि, समूह 'सी' मा आयोजक प्रतिभा माविसहित नेपाल भारत मैत्री विद्यालय र वाराही मावि मालेपाटन तथा समूह 'डी' मा ग्लोबल कलेजियट स्कुल, डायमण्ड मावि र बालमन्दिर मावि छन् ।

प्रतियोगिता क्रिकेटको विकास, खेलाडीको प्रतिभा उजागर गर्न तथा क्रिकेटको जग बलियो बनाउन कोशेढुंगा सावित हुने विद्यालयको अपेक्षा छ । त्यस्तै, उत्कृष्ट खेलाडीले अन्डर-१९ कास्की क्रिकेट टिममा पनि अवसर पाउने बताइएको छ ।

प्रतियोगिताको विजेता विद्यालयले नगद ३० हजार र उपविजेताले नगद २० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# यलम्बरको कपको उपाधि सौर्यलाई

**काठमाडौं (प्रस)–** नेपाल आर्मीका सौर्य महर्जन चौथो यलम्बर कप राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगिताको यु-१७ ब्वाइज सिंगल्समा च्याम्पियन बनेका छन् ।

शनिबार नखिपोटस्थित आयोजक नखिपोट युथ क्लबको कभर्डहलमा भएको फाइनलमा सौर्यले आर्मीकै प्रतिक विष्टलाई ११-२१, २१-१७ र २१-११ को सोझो सेटमा पराजित गरे ।

नखिपोट युथ क्लब ब्याडमिन्टन सर्कलको सह-आयोजनामा भएको प्रतियोगिताको महिला डबल्समा कास्कीका दिलाशा राना र तिलमाया रानाको जोडी पहिलो भए । उक्त जोडीले फाइनलमा एपीएफकी नविना राई र आयोजक नखिपोट युथ क्लबकी निसाम हाङमा सुब्बाको जोडीलाई २१-१९ र २३-२१ को सोझो सेटमा हराए ।

पुरुष डबल्सको क्याटगोरी 'ए' मा आर्मीका विधान अधिकारी र प्रवीण लिङथेपको जोडीले फाइनलमा सूर्यदर्शनका दीपक राणा र लक्ष्मण मल्ल ठकुरीको जोडीलाई २१-१६ र २१-१४ ले पाखा लगाउदै शीर्ष स्थान हात पारे ।

पुरुष डबल्सको क्याटगोरी 'बी' मा उत्सव सप्लायर्स, चितवनका विधान गुरुङ र एनवाईसीका जोन जस्राजको जोडीले स्वर्ण जिते । सो जोडीले फाइनलमा इटहरीका संगम गिरी र सन्देश रायमाझीको जोडीलाई २१-१९ र २१-१६ को सोझो सेटमा पन्छाए ।



नेपालको भक्तपुरमा माधवनारायण पर्वका अवसरमा आयोजित धार्मिक जात्रामा सहभागी हिन्दू भक्तजनहरू । *तस्बिर: रासस/एएफपी*

# युक्रेन-रूसमा अस्थायी युद्धविराम, अमेरिकी मध्यस्थतामा सहमति



**किएभ–** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेन र रुसबीच लागू भएको 'ऊर्जा पूर्वाधार' युद्धविराममा युक्रेन पूर्णरूपमा तयार रहेको बताएका छन् । युक्रेनी समाचार एजेन्सीका अनुसार, शुक्रबार रातिदेखि लागू भएको यो युद्धविराममा युक्रेनले आक्रमण रोक्ने प्रतिबद्धता जनाएको छ ।

राष्ट्रपति जेलेन्स्कीले साँझ राष्ट्रलाई सम्बोधन गर्दै भने, 'युक्रेनले आक्रमणमा संयमता अपनाउन तयार छ, र आज हामीले रुसका ऊर्जा पूर्वाधारमाथि कुनै आक्रमण गरेका छैनौं ।' उनले यस कदमलाई जनताको जीवन जोगाउन र ऊर्जा प्रणाली सुरक्षित राख्न आवश्यक ठानेको बताए ।

जेलेन्स्कीले अमेरिकीपक्षले दुवै देशलाई ऊर्जा पूर्वाधारमाथि एक हप्तासम्म आक्रमण नगर्न प्रस्ताव गरेको जानकारी पनि दिए । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँग युक्रेनको राजधानी किएभसहित अन्य सहरहरूमा एक हप्तासम्म आक्रमण नगर्न आग्रह गरेका थिए । उनका अनुसार अत्यधिक चिसो मौसमका कारण ऊर्जा प्रणालीमा क्षति पुगेमा जनजीवन झनै कठिन हुने छ ।

यस अनुरोधका उत्तरस्वरूप क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले रुसले युक्रेनका ऊर्जा पूर्वाधारमाथि फेब्रुअरी १ सम्म आक्रमण रोक्ने सहमति जनाएको जानकारी दिएका छन् । आरबिसी-युक्रेन समाचार माध्यमले यो तथ्य सार्वजनिक गरेको छ ।

विश्लेषकहरूले यस कदमलाई हालको द्वन्द्वमा मानवीय राहततर्फको सानो तर महत्त्वपूर्ण कदमका रूपमा मूल्यांकन गरेका छन् । यद्यपि, दीर्घकालीन शान्ति र स्थिरता कायम राख्न अझै कूटनीतिक पहल र वार्ता आवश्यक रहेको उल्लेख गरिएको छ ।

यस युद्धविरामले युक्रेनका नागरिकहरूलाई कठिन जाडो मौसममा ऊर्जा आपूर्ति कायम राख्न सहयोग पुर्‍याउने र जनजीवनमा केही राहत दिने अपेक्षा गरिएको छ । *रासस/सिन्ह्वा*

# संयुक्त राष्ट्रसंघले वित्तीय संकटको सामना गरिरहेको छः गुटेरेस



**न्युयोर्क–** संयुक्त राष्ट्रसंघका महासचिव एण्टोनियो गुटेरेसले सदस्य राष्ट्रहरू वार्षिक योगदान र संरचनात्मक कोष जम्मा गर्ने विषयमा पछाडि परेको कारण विश्व निकाय वित्तीय संकटको बाटोतर्फ गइरहेको चेतावनी दिएका छन् ।

परिस्थितिगत गम्भीरताको विवरणसहित संयुक्त राष्ट्रका सबै सदस्य राष्ट्रहरूलाई सम्बोधन गर्दै गुटेरेसले वित्तीय नियमहरूमा सुधार गर्न वा संगठनको वित्तीय पतनको वास्तविकताको सामना गर्न आग्रह गरेका छन् । अलजजिराका अनुसार उनले सम्बन्धित देशहरूलाई आफ्नो बक्यौता तिर्न पनि आह्वान गरेका छन् ।

संस्थाको वित्तीय कमजोरीलाई उजागर गर्दै प्रवक्ता फरहान हकले विगतका वर्षहरूमा गरेजस्तै काम गर्न नगद भण्डार र तरलता नभएको पत्रकारहरूलाई बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बहुपक्षीय निकायका लागि वासिङ्टनको आर्थिक सहयोग कटौती गर्न कदम चालेको समयमा यो अपिल आएको हो । ट्रम्प प्रशासनले संयुक्त राष्ट्रका धेरै एजेन्सीहरूबाट फिर्ता हुने योजना घोषणा गरेको छ भने ट्रम्पले 'बोर्ड अफ पिस'को पहललाई पनि बढावा दिएको जनाइएको छ ।

विद्यमान प्रणालीअन्तर्गत संयुक्त राष्ट्रसंघको सदस्यता शुल्क घरेलु उत्पादन, ऋण स्तर र आर्थिक क्षमताजस्ता कारकहरूको आधारमा गणना गरिन्छ, जसमा संयुक्त राज्य अमेरिकाले मुख्य बजेटको २२ प्रतिशत छ भने चीनले २० प्रतिशत योगदान गर्दछ । यसैबीच गुटेरेसले सन् २०२५ को अन्त्यमा एक अर्ब ५७ करोड अमेरिकी डलर भुक्तानी बाँकी रहेको बताएका छन् । सुधारको आवश्यकतालाई जोड दिँदै उनले सबै सदस्य राष्ट्रहरूले पूर्ण र समयमै भुक्तानी गर्ने आफ्नो दायित्वका पूरा गर्नुपर्ने वा सदस्य राष्ट्रहरूले आसन्न वित्तीय पतन रोक्नका लागि विद्यमान नियमहरूलाई सुधार गर्नुपर्ने बताएका छन् ।

आर्थिक दबाब बढ्दै जाँदा पनि संयुक्त राष्ट्रसंघले यस महिनाको सुरुमा सन् २०२६ का लागि तीन अर्ब ४५ करोड डलरको बजेट स्वीकृत गरेको छ जुन गत वर्षको तुलनामा सात प्रतिशतले कम हो । सम्बोधनपत्रमा गुटेरेसले आगामी जुलाईसम्ममा संयुक्त राष्ट्रसंघको नगद भण्डारण समाप्त हुनसक्ने चेतावनी दिएका छन् ।

स ं ग ठ न क ा े वेबसाइटमा प्रकाशित तथ्यांकले बिहीबारसम्म संयुक्त राष्ट्रका १९३ सदस्य देशहरूमध्ये ३६ वटाले मात्र आफ्नो नियमित २०२६ योगदानहरू पूर्णरूपमा भुक्तान गरेको देखाउँछ । *रासस/एएनआई*

# सेवा क्षेत्रको वृद्धिले क्यानडाको अर्थतन्त्र सन्तुलनमा

**ओटावा–** क्यानडाको वास्तविक कूल गार्हस्थ उत्पादन (जिडिपी) नोभेम्बर सन् २०२५ मा लगभग स्थिर रहेको छ । वस्तु उत्पादन गर्ने उद्योगहरूमा आएको संकुचनले सेवा क्षेत्रको विस्तारलाई सन्तुलनमा ल्याएको तथ्यांक क्यानडाले शुक्रबार सार्वजनिक गरेको छ ।

राष्ट्रिय तथ्यांक निकाय तथ्यांक क्यानडाका अनुसार नोभेम्बर महिनामा वस्तु उत्पादन गर्ने उद्योगहरू ०.३ प्रतिशतले घटेका छन् । पछिल्ला चार महिनामध्ये यो तेस्रोपटक गिरावट आएको हो । यस गिरावटको मुख्य कारण उत्पादन (म्यानुफ्याक्चरिङ) क्षेत्र तथा कृषि, वन, माछापालन र सिकारसम्बन्धी क्षेत्रहरूमा आएको संकुचन रहेको छ ।

यता सेवा उत्पादन गर्ने उद्योगहरू भने ०.१ प्रतिशतले बढेका छन् । खुद्रा व्यापार, शैक्षिक सेवा, तथा यातायात र भण्डारण क्षेत्रहरूमा देखिएको विस्तारले सेवा क्षेत्रलाई सकारात्मक बनाएको तथ्यांक क्यानडाले जनाएको छ ।

प्रारम्भिक तथ्यांकअनुसार डिसेम्बर २०२५ मा वास्तविक जिडिपी ०.१ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको छ । यस अवधिमा उत्पादन र थोक व्यापार क्षेत्रमा वृद्धि देखिए पनि खानी, ढुंगा उत्खनन तथा तेल र ग्यास उत्खनन क्षेत्रमा आएको गिरावटले समग्र वृद्धिलाई आंशिकरूपमा सन्तुलनमा ल्याएको छ ।

डिसेम्बरको अनुमानसमेत समेट्दा, उद्योगगत वास्तविक जिडिपीको आधारमा क्यानडाको अर्थतन्त्र सन् २०२५ को चौथो त्रैमासिकमा ०.१ प्रतिशतले घटेको देखिन्छ भने समग्र सन् २०२५ मा अर्थतन्त्र १.३ प्रतिशतले वृद्धि भएको तथ्यांक क्यानडाले जनाएको छ । *रासस/सिन्ह्वा*

# पाकिस्तानमा भएको आक्रमणमा ४७ जनाको मृत्यु



**जनवरी–** पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा सुरक्षा बलले आतंकवादी आक्रमणको प्रतिक्रिया जनाउँदा कम्तीमा १० जना सुरक्षा अधिकारी र ३७ जना आतंकवादी मारिएको सुरक्षा स्रोतहरूले शनिबार बताएका छन् ।

प्रतिबन्धित बलुचिस्तान लिबरेसन आर्मी (बिएलए) ले क्वेटा, नोस्की र ग्वादर जिल्लाहरूसहित एक दर्जनभन्दा बढी स्थानमा एकसाथ आक्रमण गरेको स्रोतलाई उद्धृत गर्दै सिन्ह्वाले बताएको छ । सुरक्षा प्रतिष्ठान र सरकारी लक्ष्यलाई लक्षित गरी आक्रमण गरिएको स्रोतहरूले बताएका छन् ।

पाकिस्तानी सशस्त्र बल, फ्रण्टियर कर्प्स र बलुचिस्तान प्रहरीले तीव्र गोलीबारीपछि आतंकवादीहरूको योजना विफल पार्दै द्रुत प्रतिक्रिया दिएको स्रोतले बताएका छन् ।

अधिकारीहरूका अनुसार झडपमा धेरै सुरक्षाकर्मीहरू पनि घाइते भएका छन् । सुरक्षा स्रोतका अनुसार विगत ४८ घण्टामा यस क्षेत्रमा कूल ८८ जना आतंककारी मारिएका छन् । बाँकी रहेका आतंककारीहरूलाई हटाउन र पूर्णसुरक्षा पुनर्स्थापना गर्न प्रभावित क्षेत्रमा सरसफाइ अभियान जारी रहेको स्रोतहरूले जनाएका छन् । *रासस/सिन्ह्वा*

# भेनेजुएलामा आममाफी विधेयक प्रस्तुत, राजनीतिक बन्दीको सम्भावित रिहाइ

**काराकस–** भेनेजुएलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले आममाफी विधेयक प्रस्तुत गरेका छन्, जसले राजनीतिक कारणले जेलमा रहेका सयौं व्यक्तिहरूको रिहाइको अवसर प्रदान गर्न सक्छ । यसमा विपक्षी नेता, पत्रकार र मानवअधिकारकर्मीहरू पनि समावेश हुन सक्ने सम्भावना छ । अमेरिकी समर्थन प्राप्त विपक्षी समूहले यस कदमको अपेक्षा लामो समयदेखि गरेका थिए ।

रोड्रिगेजले राष्ट्रपतिको जिम्मेवारी सम्हालेपछि संसद्मा विधेयकलाई प्राथमिकताका साथ विचार गर्न आग्रह गरे । उनले समारोहमा भने, 'यो कानुनले राजनीतिक द्वन्द्वका कारण उत्पन्न घाउहरू निको पारोस्, न्यायको पुनर्निर्देशन गरोस् र भेनेजुएलियनहरूबीच सहअस्तित्वलाई प्रोत्साहन गरोस् ।' साथै, उनले काराकसको हेलिकोइड जेल बन्द गर्ने घोषणा गरे, र यसलाई भविष्यमा खेलकुद, सामाजिक तथा सांस्कृतिक केन्द्रमा रूपान्तरण गर्ने योजना रहेको छ ।

हाल भेनेजुएलामा राजनीतिक गतिविधिका कारण करिब ७११ जना जेलमा रहेका छन्, जसमा १८३ जना सजाय भोगिसकेका छन् । प्रमुख विपक्षी नेता र समर्थकहरूमा पूर्वसांसद फ्रेडी सुपरलानो, माचाडोका कानुनी सल्लाहकार पर्किन्स रोचा र पूर्वगभर्नर जुआन पाब्लो गुआनिपा समावेश छन् ।

आममाफी कानुनले १९९९ देखि हालसम्मको राजनीतिक हिंसाको अवधि समेट्ने छ, तर हत्या, लागूपदार्थ व्यापार, भ्रष्टाचार तथा मानवअधिकार उल्लंघनमा दोषी ठहर भएका व्यक्तिहरू यसबाट लाभान्वित हुने छैनन् । सामाजिक तथा मानवअधिकार संस्थाहरूले यस कदमको स्वागत गर्दै पनि पारदर्शिताको आवश्यकतालाई जोड दिएका छन् । *रासस/एपी*

# अमेरिकी सरकार आंशिक सटडाउनमा प्रवेश



**वासिङ्टन–** अमेरिकी सिनेटले सरकारी खर्चसम्बन्धी महत्त्वपूर्ण मतदानमा अवरुद्ध गरेपछि संघीय सरकारले आंशिक सटडाउन घोषणा गरेको जनाइएको छ । यद्यपि, अवरोधहरू भने सीमित हुने अपेक्षा गरिएको जनाइएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको कडा आप्रवासन नीतिलाई लिएर ह्वाइट हाउस र सिनेट डेमोक्रेटबीच बढेको गतिरोधका कारण शनिबार मध्यरातपछि सटडाउन सुरु भएको जनाइएको छ ।

संघीय अध्यागमन एजेण्टहरूद्वारा मिनियापोलिसमा दुई जना प्रदर्शनकारीको हत्यामा डेमोक्र्याटहरूले रिसाएर प्रतिक्रिया दिएपछि सुरक्षा विभागका लागि नयाँ कोषका लागि वार्ता असफल भएको स्थानीय मिडियाले जनाएका छन् ।

यसैबीच सिनेटर डिक डर्बिनले सामाजिक सञ्जालमा लागुऔषध तस्कर, बाल सिकारी र मानव बेचबिखन गर्नेहरूलाई पछ्याउनुको सट्टा, ट्रम्प प्रशासनले शिकागो र मिनियापोलिसमा शान्तिपूर्ण प्रदर्शनकारीहरूलाई लक्षित गरी बहुमूल्य स्रोतहरू बर्बाद गरिरहेको बताएका छन् । *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१८८०० | प्रति तोला – ० | प्रति तोला – ७०६५ |



**रत्नेचौर र गहुँबारी** | म्याग्दीको बेनी नगरपालिका–१ स्थित रत्नेचौर गाउँ र यहाँ गरिएको तोरी तथा गहुँखेती । पछिल्लो समय यहाँको तोरी तथा गहुँबालीमा तस्बिर र भिडियो खिच्न आउने आन्तरिक पर्यटकको संख्या बढेको छ । *तस्बिर : ध्रुवसागर शर्मा/रासस*

# घोषणापत्रमा निजी क्षेत्रलाई प्राथमिकता दिन महासंघको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघले आगामी निर्वाचनका क्रममा राजनीतिक दलहरूले प्रस्तुत गर्ने घोषणापत्रमा निजी क्षेत्रको संरक्षण, प्रवर्द्धन र मनोबल अभिवृद्धिलाई प्राथमिकतामा राख्न आग्रह गरेको छ ।

महासंघले शनिबार आयोजना गरेको 'घोषणापत्रमा निजी क्षेत्र' विषयक पत्रकार सम्मेलनमा रोजगारी सिर्जना, राजस्व वृद्धि, पूर्वाधार र सम्पत्ति निर्माणमा निर्णायक भूमिका खेलिरहेको निजी क्षेत्र उपेक्षित हुँदा समग्र अर्थतन्त्र थप संकटतर्फ उन्मुख हुन थालेको भन्दै राजनीतिक दलले अर्थतन्त्र सुधारलाई केन्द्रमा राख्नुपर्नेमा जोड दिएको हो ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाले राजनीतिक दलहरूले देशका मुख्य रोजगारदाता, सेवा प्रदायक, पूर्वाधार निर्माणकर्ता, राजस्व योगदानकर्ता तथा सम्पत्ति निर्माणकर्ता उद्यमी-व्यवसायीको मनोबल उच्च राख्ने गरी घोषणापत्र तयार गर्नुपर्ने आवश्यकता औँल्याए । निर्बाध पेसा-व्यवसाय गर्न पाउने अधिकार, सम्पत्तिको हकसम्बन्धी संविधानप्रदत्त नैसर्गिक अधिकारको सम्मान र नीतिगत स्थायित्व सुनिश्चित नगरी लगानी विस्तार सम्भव नहुने उनको भनाइ थियो ।

संवैधानिक व्यवस्था, भूराजनीतिक अवस्था, परम्परागत राजनीतिक सिद्धान्त र सामाजिक न्यायसम्बन्धी बहसका कारण अधिकांश राजनीतिक दलमा उदार अर्थतन्त्र, निजी क्षेत्रको भूमिका र समाजवाद उन्मुख नीतिबारे अन्योलमा देखिएको पनि महासंघको ठहर छ । दलहरू स्पष्ट दिशामा उभिन सकेनन् भने सुशासनसहित रोजगारी र स्वरोजगारका पर्याप्त अवसर सिर्जना गर्ने युवा पुस्ता (जेनजी) को अपेक्षा पूरा हुन नसक्ने महासंघले जनाएको छ ।

यस सन्दर्भमा नेपालको आवश्यकता र विश्व परिवेशलाई मध्यनजर गर्दै नवप्रवर्तनमा आधारित उदार र समावेशी आर्थिक नीति अवलम्बन गर्न महासंघले सुझाव दिएको छ । सबै वर्ग, लिंग र समुदायको अर्थतन्त्र तथा उत्पादनका साधनमा पहुँच सुनिश्चित गर्ने नीति र प्रविधिमार्फत सहजीकरण तथा आर्थिक रूपमा पछाडि पारिएका समुदायका लागि आरक्षणको व्यवस्था आवश्यक रहेको पनि सुझावमा उल्लेख गरिएको छ ।

तीन खम्बे अर्थनीति र समाजवाद उन्मुख अवधारणाले विशेषतः विदेशी लगानी प्रभावित गरेको भन्दै आगामी दिनमा निजी-सार्वजनिक साझेदारीमा आधारित नवप्रवर्तनमुखी उदार समावेशी अर्थतन्त्र कार्यान्वयन गर्न महासंघले जोड दिएको छ ।

महासंघका अनुसार पछिल्लो समय जेनजी आन्दोलनका क्रममा निजी क्षेत्रमाथि भएका प्रहार, उद्योग-व्यवसाय र उद्यमीका निजी आवासमा भएका तोडफोड र आगजनीले निजी क्षेत्रको मनोबल कमजोर बनाएको छ । गत भदौ २३ र २४ गतेको आन्दोलनबाट निजी क्षेत्रमा मात्र करिब रु ३६ अर्ब बराबरको प्रत्यक्ष भौतिक क्षति र झन्डै रु ८० अर्ब बराबरको नोक्सानी भएको महासंघको दाबी छ ।

यही अवस्थालाई मध्यनजर गर्दै महासंघले 'निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन योजना' लागू गर्नुपर्ने प्रस्ताव अघि सारेको छ । यसअन्तर्गत उद्योग तथा व्यावसायिक प्रतिष्ठान र व्यवसायीको निजी सम्पत्तिको सुरक्षाका लागि सशस्त्र प्रहरी बलअन्तर्गत केन्द्रमा औद्योगिक तथा व्यावसायिक सुरक्षा निर्देशनालय र प्रत्येक जिल्लामा त्यसका एकाइ स्थापना गर्नुपर्ने सुझाव दिइएको छ ।

उद्योग तथा व्यावसायिक प्रतिष्ठानलाई विशेष महत्त्वको क्षेत्र वा शान्तिक्षेत्र घोषणा गरी हिंसात्मक गतिविधि निषेध गर्ने कानुनी व्यवस्था, लगानी र रोजगारीका आधारमा उद्योगलाई अति संवेदनशील श्रेणीमा वर्गीकरण गरी सोहीअनुसार सुरक्षा प्रदान गर्ने, द्रुत परिचालन टोली र सवारीसाधनको व्यवस्था तथा निजी सम्पत्ति र आवासमा हुने आक्रमणप्रति शून्य सहनशीलताको नीति अपनाउन महासंघले आग्रह गरेको छ ।

यस्तै, गुणस्तरीय सार्वजनिक सेवा प्रवाह, बढ्दो वैदेशिक पलायन र सार्वजनिक निराशा प्रत्यक्ष रूपमा सुशासनसँग जोडिएको उल्लेख गर्दै विशेष सुशासन कार्यक्रम घोषणापत्रमै समेट्न आग्रह गरिएको छ । नागरिक एपमा 'व्यवसाय' नामक 'आइकन' थप गरी व्यवसाय दर्तादेखि बहिर्गमनसम्मका सम्पूर्ण प्रक्रिया एक वर्षभित्र पूर्ण 'डिजिटल' बनाइनुपर्ने सुझाव छ । यस्तै, कर चुक्ता र व्यवसाय निरन्तर सञ्चालनमा रहेको अवस्थामा सालबसाली व्यवसाय नवीकरण गर्ने व्यवस्था आगामी आर्थिक वर्षदेखि नै खारेज गर्नुपर्ने, एकीकृत स्वचालित प्रणाली नआउन्जेलसम्म लघु तथा साना उद्यमीलाई स्थानीय वडामै दर्ता र राजस्व बुझाउन सकिने व्यवस्था गर्नुपर्ने महासंघको माग छ ।

यसैगरी तथ्यांक भण्डारण, सुरक्षा र आदान-प्रदानका लागि एकीकृत संयन्त्र निर्माण, जोखिम साझेदारीमा रु एक करोडसम्मको कर्जा धितोबिना उपलब्ध गराउने, वैध 'रेमिट्यान्स' पठाउने परिवारलाई सहुलियत कर्जा, साना उद्यमी पोर्टल र ई-कमर्स प्रवर्द्धन जस्ता विषयहरू घोषणापत्रमा समेट्न आग्रह गरिएको छ ।

आन्तरिक स्रोतको सीमितता र वैदेशिक सहायतामा आएको कमीका बीच स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न 'लगानी प्रवर्द्धन दशक' घोषणा गर्न महासंघले प्रस्ताव गरेको छ । भूमि, वन, वातावरण, सार्वजनिक खरिदलगायत कानुनमा समसामयिक सुधार गरी एकीकृत लगानी संहिता निर्माण, द्विपक्षीय लगानी सम्झौता कार्यान्वयन र लगानी बोर्ड तथा उद्योग विभागलाई एकीकृत गरी शक्तिशाली लगानी प्रवर्द्धन एवं संरक्षण बोर्ड गठन गर्नुपर्ने सुझाव छ ।

उत्पादनमूलक उद्योगलाई दीर्घकालीन प्रोत्साहन, आयात प्रतिस्थापन उद्योगलाई उत्पादनमा आधारित प्रोत्साहन, औद्योगिक करिडोर र खुला विशेष आर्थिक क्षेत्र अवधारणाको कार्यान्वयन, एलडिसी स्तरोन्नतिका कारण पर्न सक्ने असरलाई मध्यनजर गर्दै सङ्क्रमणकालीन अवधि पर सार्नुपर्ने विषय पनि महासंघले उठाएको छ ।

राष्ट्रिय 'स्टार्टअप' उद्यम नीति, २०८१ कार्यान्वयनका लागि कानुनी परिमार्जन, सबै प्रदेशमा स्टार्टअप केन्द्र, १० वर्षसम्म कर छुट र थप पाँच वर्ष ५० प्रतिशत छुट, 'सय स्टार्टअप, सय लगानीकर्ता' कार्यक्रम, स्वदेशी 'सफ्टवेयर'को अनिवार्य प्रयोगजस्ता प्रस्ताव महासंघले अघि सारेको छ ।

# तनहुँ जलविद्युत् आयोजनाः तीनवटा प्याकेजमा तीव्र काम

■ प्रभाव संवाददाता

**दमौली–** तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको कामलाई तीव्र गतिमा अगाडि बढाइएको छ । ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन आयोजनाको तीनवटै प्याकेजमा कामलाई तीव्र गतिमा अघि बढाइएको हो ।

आयोजनाको प्याकेज १ अन्तर्गत बाँधलगायतका संरचना (हेडवर्क्स), प्याकेज २ अन्तर्गत मुख्य सुरुङ, विद्युतगृह तथा सम्बन्धित उपकरण र प्याकेज ३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए ।

प्याकेज १ अन्तर्गत बाँधलगायतका संरचनाको काम सोड्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ४७ प्रतिशत प्रगति भएको भण्डारीले बताउनुभयो । मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरुङ लगायतका संरचनाको निर्माण कार्य सकिएको छ । मुख्य बाँध निर्माणका लागि सेती नदीलाई विसं २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो । विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण सकिएको जनाइएको छ ।

उक्त कार्य सम्पन्न भएसँगै मुख्य बाँधको कङ्क्रिटिङ तथा सम्बन्धित ग्राउटिङ कार्य सुरु गर्न आवश्यक पूर्वाधार तयार भएको भण्डारीको भनाइ छ । 'आयोजनाको १४० मिटर अग्लो बाँध निर्माणका लागि विसं २०८१ चैत ७ गते पहिलो कङ्क्रिट राखी कङ्क्रिटङ कार्यको सुरुवात गरिएको थियो,' उनले भने, 'मुख्य बाँधको कङ्क्रिट, कोर ड्रिलिङ, ग्राउटिङ लगायतका काम जारी छन् ।'

प्याकेज २ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणको काम चीनको सिनो हाइड्रो कर्पोरेसनले गरिरहेको छ । यस अवधिसम्म भूमिगत संरचनाहरू निर्माणका लागि खन्ने कार्य सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माण कार्य सम्पन्न भएको भण्डारीले बताउनुभयो । विद्युत्गृह, केवल सुरुङ, सर्च ट्यांक, टेलरेसलगायतका संरचनाहरूको मुख्य कङ्क्रिटिङ कार्य
सम्पन्न भएको यस प्याकेजको प्रगति ७२.५ प्रतिशत छ । भण्डारीका अनुसार विद्युत्गृहको सिभिल कार्य करिब सम्पन्न भएको छ भने इलेक्ट्रोमेकानिकल काम जारी छ । विद्युत्गृहमा छाना लगाउने, पानी फाल्ने लगायतका काम भइरहेका छन् ।

प्याकेज ३ प्रसारण लाइनअन्तर्गत केइसी इन्टरनेशनल लिमिटेड भारतले दमौली भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये ७८ वटा टावरहरूको जग हाल्ने काम सम्पन्न गरेको छ । यस प्याकेजको प्रगति ७४.५ प्रतिशत रहेको छ । यसका अतिरिक्त वन क्षेत्रको जग्गा प्रयोग र त्यहाँ रहेका रुखबिरुवा हटाउने अनुमतिका लागि उर्जा, जलस्रोत तथा सिचाइँ र अर्थ मन्त्रालयसँग आवश्यक पहल भइरहेको भण्डारीले बताए ।

# भैरहवाबाट राजस्व संकलनमा उल्लेख्य वृद्धि

■ प्रभाव संवाददाता

**देवदह–** आन्तरिक राजस्व कार्यालय भैरहवाले चालु आर्थिक वर्ष २०८२/०८३ को छ महिनामा लक्ष्यभन्दा बढी राजस्व संकलन गरेको छ । आन्तरिक राजस्व विभागबाट साउनदेखि पुस महिनासम्ममा रु छ अर्ब ६३ करोड ७० लाख ५१ हजार राजस्व संकलन गर्ने लक्ष्य पाएको यस कार्यालयले रु आठ अर्ब १७ करोड १९ लाख ९७ हजार संकलन गरेको छ ।

कार्यालयका प्रमुख कर अधिकृत प्रेमराज पोखेलका अनुसार गत आव २०८१/०८२ को सोही अवधिभन्दा यस वर्ष ४७ दशमलव चार प्रतिशतले राजस्व संकलनमा वृद्धि भएको छ । चालु आवको पुससम्म लक्ष्यभन्दा रु एक अर्ब ५३ करोड बढी अर्थात् लक्ष्यभन्दा २३ दशमलव एक प्रतिशत बढी राजस्व संकलन भएको हो । गत आवको तुलनामा यो रु दुई अर्ब ६३ करोडले बढी हो ।

चालु आवको पुस महिनामा रु एक अर्ब २६ करोड ८७ लाख १३ हजार राजस्व संकलन गर्ने लक्ष्य पाएको कार्यालयले रु एक अर्ब ६६ करोड ८७ लाख ९१ हजार अर्थात् लक्ष्यको ३१ दशमलव पाँच प्रतिशत बढी संकलन गरेको छ । आन्तरिक राजस्व विभागले आन्तरिक राजस्व कार्यालय भैरहवालाई चालु आव २०८२/०८३ मा रु १५ अर्ब ५० करोड राजस्व संकलन गर्ने लक्ष्य दिएको छ ।

आन्तरिक राजस्व कार्यालयको सक्रियताका कारण कर संकलनमा उल्लेख्य वृद्धि भएको यहाँ कार्यरत कर्मचारी दाबी छ । अर्थतन्त्रमा परिसूचकमा देखिएको सुधार र स्थानीयस्तरमा बक्यौता असुलीका लागि कार्यालयको पहलबाट लक्ष्यभन्दा माथि कर संकलन भएको कार्यालयले जनाएको छ । करदाताको घर ठेगाना, कारोबारस्थलमा पत्राचार गर्ने, एसएमएस र टेलिफोनबाट सूचित गर्ने, स्थानीय तहसँग समन्वय गरेर सूचना टाँस गर्ने, नियमित, क्षेत्रगत र प्रभावकारी रूपमा बजार अनुगमन, आर्थिक गतिविधिमा पनि केही वृद्धि भएको कारण राजस्व संकलन बढेको प्रमुख कर अधिकृत पोखेलको भनाइ छ ।

यस अवधिमा बजेटले दिएका छुट सुविधा कार्यान्यवन, करदाता शिक्षालाई बढी प्रभावकारी, नक्कली बिजक जारी गर्ने करदातालाई कारबाही गरिएको उहाँले बताउनुभयो । कर छलीलाई न्यूनीकरण गर्ने प्रयास गरिएको उहाँको भनाइ छ ।

आन्तरिक राजस्व कार्यालय भैरहवाले करदाताबाट बाँकी-बक्यौता असुली गर्दै राजस्व संकलन बढाउने उद्देश्यले विशेष अभियान सञ्चालन गरेको थियो । कार्यालयले २०८२ कात्तिकदेखि पुससम्म सञ्चालन गरेको यो अभियानबाट रु १२ करोड ६२ लाख बक्यौता राजस्व संकलन भएको छ । आयकर, मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्क नबुझाएका करदातासम्म प्रत्यक्ष पुगेर राजस्व दाखिलाका लागि अभियान सञ्चालन गरिएको थियो ।

कर अधिकृत गौरव पाण्डेका अनुसार पुस महिनासम्म मूल्य अभिवृद्धि कर विवरण, कर र लाग्ने २५ प्रतिशत ब्याज बुझाउने करदातालाई अन्य जरिवाना तथा थप दस्तुर (कर र ब्याजको २५ प्रतिशत) पूर्ण रूपमा मिनाहा गरिएको थियो ।

त्यस्तै अन्तःशुल्कमा लाग्ने विलम्ब शुल्कको ५० प्रतिशत बुझाएमा बाँकी विलम्ब शुल्क र जरिवाना पनि मिनाहा हुने व्यवस्था गरिएको थियो । सो अवधिमा २१३ जनाले छुट सुविधा लिनुभएको प्रमुख कर अधिकृत पोखेलले बताए । मूल्य अभिवृद्धि कर विवरण नबुझाउने नौ प्रतिशत अर्थात् ४१९ जना करदाता हटाइएको हटाइएको उनले जानकारी दिए ।

आन्तरिक राजस्व कार्यालय भैरहवाको कार्यक्षेत्रमा एक लाख १० हजारभन्दा बढी व्यावसायिक करदाता छन् । यो कार्यालयको कार्यक्षेत्रमा हरून्देहीको सिद्धार्थनगर नगरपालिका, तिलोत्तमा नगरपालिकाको वडा नम्बर ५ देखि १७ सम्म, देवदह नगरपालिकाको वडा नम्बर १ देखि ४ तथा ११ र १२, लुम्बिनी सांस्कृतिक नगरपालिका, गैडहवा, कोटहीमाई, मर्चवारी, मायादेवी, ओमसतिया, रोहिणी, सम्मरीमाई, सियारी तथा शुद्धोदन गाउँपालिकाको वडा नम्बर ३ र नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) जिल्ला पर्छ ।

# डिजेल र मट्टितेलको मूल्य बढ्यो, हवाई इन्धनको घट्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल आयल निगमले डिजेल/मट्टितेको मूल्य बढाएको छ । निगम सञ्चालक समितिको बैठकले मध्यरातदेखि लागू हुने गरी डिजेल/मट्टितेलमा प्रतिलिटर तीन रूपैयाँ बढाएको हो ।

मूल्य समायोजनसँगै डिजेल/मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ३६ रूपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १३८ रूपैयाँ र तेस्रो वर्गका लागि एक सय ३९ रूपैयाँ कायम भएको छ ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपोलाई पहिलो वर्ग, सुर्खेत र दाङ डिपोलाई दोस्रो वर्ग र काठमाडौं, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ । निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि उक्त खुद्रा बिक्री मूल्य लागू हुनेछ । निगमले हवाई इन्धन (आन्तरिक र अन्तरराष्ट्रियतर्फ) को मूल्य भने घटाएको छ । आन्तरिकतर्फको हवाई इन्धनको मूल्य प्रतिलिटर एक रूपैयाँ र अन्तरराष्ट्रियतर्फ काठमाडौंमा प्रतिकिलोलिटर अमेरिकी डलर सात घटाइएको छ । मूल्य घटेसँगै आन्तरिकतर्फको हवाई इन्धनको मूल्य प्रतिलिटर १२७ रूपैयाँ र अन्तरराष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी ९६६ पुगेको छ ।

इण्डियन आयल कर्पोरेशनबाट आज प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा प्रतिलिटर शून्य दशमलव १२ पैसा, डिजेल/मट्टितेलमा प्रतिलिटर चार रूपैयाँ ६६ पैसा तथा एलपी ग्यासमा प्रतिसिलिण्डर ४५ रूपैयाँ ४९ पैसा बढेर आएको तथा हवाई इन्धनमा प्रतिलिटर एक रूपैयाँ ०८ पैसा घटेर आएकाले खुद्रा बिक्री मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ